
# बुद्ध धर्ममा दानको महिमा



भिक्षु सुजनकीर्ति

Downloaded from http://www.dhamma.digital

नाम : भिक्षु सुजनकीर्ति

गृहस्थ नाम : सुजन महर्जन

स्थान : बलम्वु-५, काठमाडौं

माता : देवमाया महर्जन

पिता : श्रीलाल महर्जन

शिक्षा : एस.एल.सी., बलम्वु मा.वि.

: बि.ए. (धर्म), एम.ए. (बुद्धिज्म), महाचुलालंकार, थाईल्याण्ड

श्रामणेर : नगरमण्डप श्रीकीर्ति विहार, कीर्तिपूर (१९९८ ई.सं.)

भिक्षु : वाटपाकनाम विहार, बैंकक, थाईल्याण्ड, (२००० ई.सं.)

हाल : Varapunya Meditation Centre, Aberdeen, Scotland



प्रकाशित कृतिहरू :

नेपाली : बैशाख पूर्णिमा : बुद्ध पूर्णिमा, सुनामी, बुद्धधर्मको सार
नेवारी परम्परा अनुसार दाह संस्कार विधि

English : Meditation Buddhism in Practice,
Meditation Guidance, The short history
of Punjab Buddhist Society,
The Chanting book, Odds and Ends (Edit),
Insight into Buddhist meditation (Edit)

Thai : The history of Buddhism in Nepal

"आफूले भनेजस्तो दिनु कठिन छ साथै दिएर तृप्त हुन झन कठिन छ ।"

Downloaded from http://www.dhamma.digital

# बुद्ध धर्ममा दानको महिमा

लेखक
भिक्षु सुजनकीर्ति

Downloaded from http://www.dhamma.digital

प्रकाशक :

तीर्थ नारायण मानन्धर

पूर्ण प्रसाद मानन्धर

सीतादेवी मानन्धर

सहित सपरिवार

लेखक :

भिक्षु सुजनकीर्ति

प्रथम संस्करण : १००० प्रति

बु.सं. २५५८ ने.सं. ११३४

वि.सं. २०७१ ई.सं. २०१५

मुद्रण :

न्यू नेपाल प्रेस

कम्प्युटर :

सुरेश नकर्मी

आवरण :

अनाथपिण्डिक महाजनले राजकुमार जेतसँग विहार दानको लागि जग्गा खरिद गर्दै

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

# समर्पण

**घाम–पानी, दुःख–सुख नभनी हेरविचार**
**गरी हुर्काएर सुमार्गमा हिंड्न सक्ने बनाएर**
**यस संसारबाट विदा हुनुभएका**
**दिवंगत मेरा आमा बुबा**
**तथा**
**सम्पूर्ण धर्मसेवकहरु सबैमा सश्रद्धा समर्पण ।**

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

जि.प्र.का.द.नं. : ५११/२०५५/०५६ फोन नं. : ४-३१०५९२

# प्रणिधि पूर्ण महाविहार

चन्द्रागिरि न.पा.-१७, बलम्वु, काठमाडौं

प.स. :
च.नं. :

मिति : .........................

# शुभकामना

सीतादेवी मानन्धर (निनी) वि.सं. २०६५ सालदेखि प्रणिधि पूर्ण महाविहारमा बस्दै आउनु भएकी छिन् । उहाँ यस विहारमा बस्न आउनु भएदेखि विभिन्न प्रकारका दान धर्म निरन्तर रुपमा गर्दै आउनु भएको छ । ती कुशल पुण्य कार्यहरुमा अष्ट महाकुशल धर्ममा पर्ने कथिन दान, महापरित्राण, विहारदान, विहारको लागि जग्गा दान, बुद्ध प्रतिमा दान, अष्टपरिष्कार दान र शौचालय दान गरी सक्नु भएको छ । धर्म दान स्वरुप एक धार्मिक पुस्तकमात्र दान गर्न बाँकी थियो । "बुद्ध धर्ममा दानको महिमा" पुस्तक प्रकाशनबाट अष्ट महाकुशल धर्म परिपूर्ण भयो । यसरी धर्मदान स्वरुप प्रकाशन गर्नुहुने उपासिका सीतादेवी मानन्धर सहित सपरिवारलाई म तथा सम्पूर्ण प्रणिधि पूर्ण महाविहार परिवारको तर्फबाट हार्दिक शुभकामना सहित कुशल वृद्धि एवम् निर्वाण कामना गर्दछ ।

"भवतु सब्ब मंगलं ।"

..................................

भिक्षु सुख
विहार प्रमुख/अध्यक्ष
प्रणिधि पूर्ण महाविहार
२०७१ चैत्र ११

Downloaded from http://www.dhamma.digital

अनन्त गुणवान् दिवंगत हुनुभएका हजुरआमा, पिता तथा माता समेतलाई सम्झेर यो पुस्तक छपाई धर्मदान गरेको पुण्यको फलले उहाँहरुको सुगती तथा निर्वाण कामना गर्दछु ।



प्रकाशकः

सीतादेवी मानन्धर

प्रणिधि पूर्ण महाविहार

Downloaded from http://www.dhamma.digital

# प्रकाशकीय

आमाबुबाको गुणको स्मरण गर्न शब्दको कमी हुने हुँदा भगवान बुद्ध स्वयम्‌ले पनि उहाँहरुको गुण अनन्त छ (मातापितु गुणो अनन्तो) मात्र भन्नु भएको छ । यसरी अनन्त र असीमित गुणलाई स्मरण गर्दै 'सब्बदानं धम्मदानं जीनाती' अर्थात दानहरुमा धर्मदान नै उच्च भएको हुँदा धर्मदान स्वरुप आमाबुबाको गुण स्मरण गरी एउटा पुस्तक प्रकाशन गर्ने ठूलो इच्छा प्रबल भइरहेको थियो ।

हजुरआमा प्रत्येक दिन भगवान बुद्धको मूर्ति अगाडि नित्य, जप र ध्यान गर्नु हुन्थ्यो । त्यसको परछायाँ परे पनि बुद्ध धर्म प्रति त्यति श्रद्धा थिएन । बुबा तुल्सिनारायण मानन्धरलाई पनि विहारमा आउने जाने रुची नभए पनि प्रत्येक दिनमा स्वयम्भू दर्शनार्थ जानुभई बुद्धधर्मका पुस्तकहरु ल्याएर पढ्न दिनुहुन्थ्यो । पठनपाठन गर्न नपाए पनि दाजुभाइलाई पाठशालामा पढाउन पठाएर बुबालाई पसल, व्यापारमा सहयोग गर्दै ती पुस्तकहरु पढ्ने गर्दथें । 'ललित विस्तर' पुस्तक अरु पुस्तक भन्दा धेरै रमाइलो र रोजक थियो । उपासक उपासिकाहरु विहारमा गए पनि अरुको कुरा काट्ने, छरछिमेकीको निन्दा गर्ने जस्ता व्यवहारले गर्दा बुबाले बुद्ध धर्ममा विश्वास गर्नु भए पनि हामीलाई विहारमा जान मनाही  थियो ।

१२ वर्षको उमेरदेखि २३ वर्षसम्म बुबाको व्यापारमा सहयोग गरें । त्यो समयमा विहारमा आउने जाने नभए पनि बुद्धधर्म सम्बन्धी ज्ञान बुबाले ल्याउनु भएको बुद्धधर्मका पुस्तकहरुबाट अलि अलि पढ्ने मौका पाएको थिएँ । त्यसैगरी 'अभय उपचार केन्द्र' (सेइ मेई क्यो) मा २८ वर्षसम्म काम गर्दा उक्त संस्थाका अध्यक्ष भिक्षु सुमंगल महास्थविरसँग मेरो परिचय थियो । साथमा बुहारीको माइतीबाट वर्षको २/३ पटक प्रणिधि पूर्ण महाविहार, बलम्वुमा भोजन दानको लागि आउँदा विहारमा आउने जाने शुरु भएको थियो । विहारमा गएर दान धर्म गर्ने बाहेक भन्ते गुरुमाँहरुसँग खासै घनिष्ठ सम्बन्ध थिएन ।

Downloaded from http://www.dhamma.digital

संसार अनित्य छ । प्रत्येक क्षण परिवर्तन भइ नै रहेको हुन्छ । आजभन्दा ६/७ वर्ष पहिले असोज महिनाको शुक्रबारका दिन मुदिता गुरुमाँलाई भेट्ने मौका पाएको थिए । त्यस समयमा विहार निर्माणाधिन थियो । त्यो देखेर मलाई पनि आमाबुबाको नाममा एउटा कोठा दान दिने इच्छा जाग्यो । भिक्षु सुखसँग यस विषयमा कुरा गर्दा उहाँले सहर्ष स्वीकार गर्नुभयो र यसरी पुण्य संचय गर्ने मौका पाएँ ।

जन्म हाम्रो हातमा छैन, मरण निश्चित छ । यो जन्म र मरणको बीचमा गर्नुपर्ने कार्य भन्नु नै कुशल कर्मको संचय हो अर्थात दान, शील र भावनामा प्रतिष्ठित हुनु हो । हजुर आमाले 'सम्पूर्ण सत्वको उद्धार होस्' भनेर हरेक दिन सिकाउनुहुन्थ्यो । त्यसैगरी विरामी र दुःखीलाई आफूले नखाइकन पनि सहयोग गर्नुपर्छ भनेर सिकाउनुहुन्थ्यो । आजभन्दा ६/७ वर्षदेखि प्रणिधि पूर्ण महाविहारमा बसेर दान शीलमा प्रतिस्थित भएर पुण्य कमाउने मौका पाएँ । प्रत्येक दिन बुद्ध पूजा गर्ने शील प्रार्थना गर्ने र भावना गर्ने मौका पाएँ । यस्तो मौका दिनुहुने प्रणिधि पूर्ण महाविहारका सम्पूर्ण भिक्षु अनागारिका तथा श्रद्धावान उपासक उपासिकाहरु प्रति म धेरै नै आभारी छु ।

प्रणिधि पूर्ण महाविहार प्रमुख भिक्षु सुख, अनागारिका मुदिता र अनागारिका रुपशिला गुरुमाँहरुले परिवारको एक सदस्य भैं मलाई माया, ममता र हेरविचार गर्नुभएको छ । त्यस गुणका कारण म आफैंले आफैंलाई भाग्यमानी सम्भन्छु । जन गुण अविस्मरणीय रहने छ र म उहाँहरुप्रति धेरै नै आभारी छु ।

केही वर्ष अगाडि मैले भिक्षु सुजनकीर्तिलाई यस विहारमा भेट्ने मौका पाएको थिएँ । उहाँले विभिन्न प्रकारका धार्मिक पुस्तकहरु लेखर प्रकाशित गरिरहनुभएको कुरा पनि थाहा पाएँ । मलाई पनि आफ्नो आमा बुबाको पुण्य स्मृतिमा एउटा धार्मिक पुस्तक प्रकाशित गर्ने इच्छा भइरहेको थियो । आमाबुबाको स्मृतिमा एउटा पुस्तक प्रकाशित गर्ने इच्छा छ भनेर

Downloaded from http://www.dhamma.digital

उहाँलाई सुनाएको थिएँ । उहाँले “मसँग एउटा प्रकाशित गर्न बाँकी “बुद्ध धर्ममा दानको महिमा” भन्ने पुस्तक छ, तपाईंले एक पटक पढेर हेर्नुहोस् । मन परेमा प्रकाशित गर्न सक्नुहुन्छ ।” भन्नुभयो । उहाँको “बुद्ध धर्ममा दानको महिमा” पढिसकेपछि तत्कालै प्रकाशित गर्ने इच्छा जाग्यो र पुस्तक प्रकाशित गर्ने इच्छा छ तपाईंले स्वीकृति दिनुहोस् भनेपछि उहाँले यो पुस्तक प्रकाशित गर्न स्वीकृति प्रदान गर्नुभयो । उहाँ प्रति कृतज्ञता व्यक्त गर्दै साधुबाद ।

यसरी मेरा हजुरआमा, बुबा र आमाको नाममा धर्मदान स्वरुप यो पुस्तक प्रकाशन गरी पुण्य सञ्चय गर्न पाउँदा धेरै नै हर्ष र खुशी लागेको छ । यसरी सञ्चय गरेको पुण्यको प्रभावले उहाँहरु सबैले सुगती वास पाउन सकोस् तथा दुःख मुक्तिको निर्वाण समेत प्राप्त गरी लिन सकोस् भन्ने कामना गर्दछु । साथै यस पुण्यको प्रभावले सबै प्राणीहरु सुखी होउन् ।

भवतु सब्ब मंगलं ।

Dhamma.Digital

सीतादेवी मानन्धर
प्रणिधि पूर्ण महाविहार
बलम्वु, काठमाडौं
२०७१ चैत्र ११

Downloaded from http://www.dhamma.digital

# भूमिका

हामी धनी गरिब हुने देवीदेवताको वरदान होइन । न त यो अकस्मात नै हुन्छ । फेरी भगवान बुद्धले यो हाम्रो कर्मको फल भनेर बस्नु पनि उचित होइन भन्नु भएको छ । यदि हाम्रो पूर्व कर्मको फल भनेर बसिराख्ने हो भने हामीहरू त्यो कर्मको दास हुनेछौं । अल्छी भई हातखुट्टा बाँधेर बस्ने बानी बस्दछ । तर बुद्ध धर्मानुसार पूर्व कर्मको फल भएपनि हामी नयाँ कर्म पनि बनाउँदै जान्छौं । त्यसैले बुद्धले भन्नु भएको छ की राम्रो कर्म र नराम्रो कर्म दुवैलाई राम्ररी बुझ्नु पर्दछ । कस्तो काम गर्दा आफू तथा अरूलाई राम्रो हुन्छ र कस्तो काम गर्दा हानी हुन्छ । दुवै कर्मको फल प्राप्त हुन्छ साथै कस्तो कर्म गर्दा यो भवसागरको चक्रबाट बाहिर निस्कन सकिन्छ भनेर बुझ्नु पर्दछ । हाम्रो कर्मलाई काट्न सक्दैन तर सुधार्न सकिन्छ । ती कर्म सुधारको नयाँ संस्कार बनाएर कुशल पुण्यहरू सञ्चय गर्नुपर्दछ । पुण्यकर्म नै मानव जीवनको सार्थकता हो । पुण्यको मार्ग तीन प्रकारका छन् : दान, शील र भावना ।

(१) दानं ददन्तु सद्धाय (श्रद्धापूर्वक दान दिनु)

(२) सीलं रक्खन्तु सब्बदा (सदैव शीलको रक्षा गर्नु)

(३) भावनाभिरता होन्तु (ध्यान भावनामा अभिरत हुनु)

त्यसैले आफूले गरेको पुण्य कार्य नै भविष्यको लागि सञ्चित सम्पत्ति हो । हामी प्राणीहरू जन्म र मरणको यो भुमरीको सांसारिक चक्रमा कहिलेदेखि हिंडिरहेका छौं भनेर अड्कल पनि गर्न सक्दैनौं । जबसम्म हामीमा क्लेश छ, तबसम्म आफूले गरेको पाप र पुण्य कर्म अनुसार यो जन्ममरणको भुमरीमा घुमी नै रहनेछौं । यो नै सबै प्राणीहरूको लागि प्राकृतिक नियम हो ।

यी तीन प्रकारका पुण्यक्रियामध्येमा दान नै सबैभन्दा महत्वपूर्ण कुशल कर्म हो । यो नै आधात्मिक मार्गको पहिलो खुड्किला र आधार हो । दुःखले त्याग भाव जगाउँछ, मोह घटाउँछ । त्याग भावले ममत्व भावलाई



Downloaded from http://www.dhamma.digital

विलाई दिन्छ । दान वस्तु त्याग मात्र गर्न सिकाउने नभई विभिन्न प्रकारका मानसिक, शोक सन्तापलाई पनि त्याग्न सिकाउँछ । मानसिक तनावका साथै दु:खको समयमा पनि मनलाई दह्रो बनाई दु:खको सामना गर्न सिकाउँछ । फलतः कोमलता छाउँछ, करुणा र मैत्री भाव जगाई दिन्छ ।

एक आपसमा मिलिजुली बस्न सुख शान्तिको आधार पनि दान हुन आउँछ । भोग सम्पत्तिको साथमा परिवार, सम्पत्ति, ईष्टमित्रको पनि चाहना छ भने दान धर्म गर्दा एक्लैले नगरी अरुलाई पनि भागिदार बनाएर दान गरेमा त्यसको प्रतिफल भोग सम्पत्ति र परिवार सम्पत्ति पनि प्राप्त हुनेछ । भगवान बुद्ध हुनको लागि पनि पूर्ण गर्नुपर्ने पारमिताहरुमा यो दान पारमिता अग्रमा आउँछ । उहाँले जबदेखि बुद्ध हुने अधिस्थान गर्नुभयो, हरेक जन्ममा यो दान पारमितालाई विभिन्न रूपमा पूर्ण गर्दै आउनुभएको थियो । साधारण दानदेखि लिएर दान उपपारमि र दान परमत्थ पारमीसम्म पूर्ण गर्नुभएको थियो । त्यसैले सानो दान भनेर नीच नठान्नु । सानो सानो दानबाट नै ठूलो बन्छ । थोरै दान दिएको नठान्नु । त्यसको फल महान भएको हुन्छ ।

दान धर्मको धेरै महान फल र यसको महिमा धेरै महान भएको कारण केही वर्ष पहिले नै सानो लेखको रूपमा लेखेको थिएँ । उक्त लेखलाई जानकारीमूलक होस् भन्ने चेतनाले संकलन र संशोधन गर्ने क्रममा आज यो पुस्तकको रूपमा यहाँ समक्ष राख्न पाउँदा धेरै हर्ष र सोमनस्स लाग्दछ ।

यसै गरी यो पुस्तकलाई यस्तो रूपमा परिणत एवम् व्यस्त समयको बाबजूद पनि अधिक समय दिएर भाषामा शुद्धिकरण गर्नु भएकोमा सुरेश नकर्मी र लूनिभा स्टेशनरी, गुर्जुधारा धन्यवादका पात्र हुनुहुन्छ ।

अन्तमा यो पुस्तक प्रकाशनमा सहयोग गर्नु हुने सबै कल्याणमित्रहरूलाई मेरो साधुवाद ।

भवतु सब्ब मंगलं ।

भिक्षु सुजनकीर्ति
नगरमण्डप श्रीकीर्ति विहार
कीर्तिपूर, काठमाडौं ।



Downloaded from http://www.dhamma.digital

# विषयसूची


| क्र.सं. | विषय | पेज नं. |
|---|---|---|
| | प्रकाशकीय | |
| | शुभकामना | |
| | भूमिका | क |
| १. | प्रवेश | १ |
| २. | पुण्यक्रियावत्थु | २ |
| ३. | दान | ४ |
| ४. | देवीदेवताको पूजा किन गर्ने | ६ |
| ५. | बासी भात र कर्म सुधार | १० |
| ६. | प्रथम पुण्य कर्म नै दान | १३ |
| ७. | दानको प्रकार | १७ |
| ८. | दानको उद्देश्य | २१ |
| ९. | दान कसरी गर्ने | २५ |
| १०. | प्रतिग्राहकको प्रकार | ३० |
| ११. | दानको फल | ३४ |
| १२. | दान र यज्ञको फल | ३८ |
| १३. | दक्खिणाविभङ्ग सुत्र | ४० |
| १४. | दान दिंदा बोलिने वाक्यहरु | ४३ |
| १५. | दान संक्षिप्त | ४६ |


Dhamma.Digital

Downloaded from http://www.dhamma.digital



प्रणिधि पूर्ण महाविहार, चन्द्रागिरि न.पा.-१७, बलम्वु, काठमाडौं

Downloaded from http://www.dhamma.digital

# निर्वाण कामना



हजुरआमा सानुमाया मानन्धर



पिता तुल्सि नारायण मानन्धर



माता लक्ष्मी कुमारी मानन्धर

Downloaded from http://www.dhamma.digital

# प्रवेश

सिद्धार्थ गौतमले २९ वर्षको कलिलो उमेरमा गृहत्याग गर्नुभयो । ६ वर्षसम्म सत्यको खोजीमा लाग्नु भयो । अथक प्रयासपछि ३५ वर्षको उमेरमा बुद्धत्त्व लाभ गरी सम्यक् सम्बुद्ध हुनुभयो । बुद्धत्त्व लाभ गरिसकेपछि ८० वर्षको आफ्नो जीवनको अन्तिम क्षणसम्म पनि निरन्तर देव र मनुष्यहरूको हित र सुखको लागि उहाँले धर्मदेशना गर्नुभयो । आफ्नो लागि मात्र नभएर एक सत्यवादी र सुधारवादीका रुपमा सम्पूर्ण प्राणीहरूको कल्याणको लागि उहाँ लाग्नु भयो । इतिहासका पानाहरू पल्टाउने हो भने पनि पुरातात्त्विक र ऐतिहासिक स्थलहरूको आधारमा भगवान गौतम बुद्धलाई यथार्थवादी उपदेशकको रूपमा हामी पाउँछौं ।

भगवान बुद्धले मध्यम मार्गलाई केलाउन सिकाउनु हुन्छ । "पहिला सुन, जान, अनुभव गर । यदि ठीक लाग्छ भने स्वीकार, नत्र स्वीकार गर्नुपर्छ भन्ने बाध्यता छैन" भन्ने वहाँको मूल उद्देश्य हो । हामी मानव जाति जहिल्यै पनि ईश्वरमा आस्था राख्छौं तर भगवान बुद्धले ईश्वर आफ्नै मन भित्र छ, केवल त्यसलाई हेर्न सिक्नुपर्छ भन्नु हुन्छ । हाम्रो परम्परावादी समाजमा केही अकल्पनीय घटना घटेको खण्डमा देवता रिसाएर यस्ता घटना घटेको भनी मन्दिरका द्वारहरू धाउने र ढोका ढक्ढकाउने संस्कार छ । ईश्वर रिसाएमा अनेक आपत् विपत् आई पर्छन् भन्ने अन्धविश्वास र अज्ञानताको कारण देवीदेवता तथा ईश्वरको पूजा गर्ने चलन पहिला पनि थियो र अहिले पनि छ । के, किन र कसरी त्यस्ता घटनाहरु भयो भनि चिन्तन र मनन गर्नुको सट्टा आत्मसमर्पण गरी देवताको शरणमा जाने गर्छन् । अर्कोतर्फ मन्दिरका द्वारहरु धाएर धर्मकर्म गरेता पनि मानिसहरुबीच भेद्भाव गर्ने भावना अहिलेसम्म पनि कायमै छ । यस अर्थमा हामी के भन्न सक्छौं भने मानिसहरू परम्परावादी सोच र भेद्भावपूर्ण जीवन पहिलेदेखि नै व्यतित गर्दै आईरहेका थिए । दास र दासत्त्वको त्यो भुमरीमा बल्झिँदै दुःख अन्तको खोजीमा जञ्जालको त्यो चक्रव्यूहमा फस्दै आईरहेका थिए । तर भगवान बुद्धले मानिसहरूलाई ईश्वर तथा देवत्त्वको दासताबाट मुक्ति पाउने अनेकन मार्गहरू देखाउनु भयो । यो सांसारिक भुमरीबाट उम्कने अनगिन्ति बाटोहरू देखाउनु भयो । ती मार्गहरूलाई आज हामी बुद्धधर्मको रूपमा अध्ययन, अध्यापन र अभ्यास गर्ने गर्दछौं ।



Downloaded from http://www.dhamma.digital

# पुण्यक्रियावत्थु

जब हामी लामो यात्राको तयारी गर्छौं तब हामीलाई बाटोमा आवश्यक पर्ने सबै वस्तुहरू तयार गर्दछौं । यदि यात्राको लागि सरसामानहरु तथा खर्च कम भएमा बाटोमा विभिन्न कठिनाईहरू आई पर्न सक्छ । जति लामो यात्रा गर्ने हो त्यहि अनुसार अत्यावश्यकीय वस्तुहरूको बन्दोबस्त गर्नु पर्छ । त्यस्तै जबसम्म क्लेश मुक्त भई अरहत् फल प्राप्त हुँदैन तबसम्म जन्म मरणको यो सांसारिक चक्रको भुमरीमा सबै प्राणीहरू यात्रा गरि घुमिरहनु पर्नेछ । त्यसको लागि बाटो खर्चको रूपमा पुण्य नै सञ्चय गर्नु पर्दछ । पुण्य नै हामी सँगसँगै छायाँ झैं यो सांसारिक जीवनको लामो यात्रामा साथ दिदै हाम्रो पछि पछि आउने (छाया'व अनुपायिनी) र यो सांसारिक चक्रको अन्त निर्वाणसम्म पुऱ्याई दिने साधन भएकोले यसलाई सञ्चय गर्नु आवश्यक हुन्छ । यस्तो बाटो खर्च अथवा पुण्यलाई जति सक्यो त्यति सञ्चय गरिराख्न सक्यो भने हाम्रो जीवन यस संसारमा र यसपछिको संसारमा पनि सुखकर हुनेछ ।

पुण्य भनेको के हो ? पुण्य भनेको चित्त वा मनलाई स्वच्छ, निर्मल र निश्चल तथा शीतल बनाउने स्वभाव हो । त्यसैले पुण्यको साधारण अर्थ नै चित्तको स्वभाव वा मनको स्थिति अथवा निश्चल स्वच्छ चित्तको गुण हो । अर्को अर्थमा भन्ने हो भने पुण्य भनेको सुख शान्ति हो । भगवान बुद्धले भन्नुभएको छ – "तिमीहरू पुण्य गर्नदेखि नडराउ किनकी पुण्य शब्द नै सुखकर छ ।" त्यसैले पुण्य भनेको नै दोश्रोमा सुख र संमृद्धि हो ।

त्यसैगरी भगवान बुद्धले भन्नु भएको छ – "छिटो छिटो पुण्यहरू सञ्चय गर, जसको फलले हाम्रो जीवनमा सुख ल्याउनेछ ।" त्यसैले यो पुण्यको तेश्रो लक्षण अनुसार राम्रा कार्यहरू गर्नु वा कुशल कार्यको सञ्चय गर्नु हो । संक्षिप्त रूपमा पुण्य भनेको नै आफूलाई हित गर्ने एवं अर्कालाई पनि सुख र शान्ति दिने एक प्रकारको हलुका औजार हो, जुन हाम्रो पछि पछि दुःख मुक्ति निर्वाणसम्म साथ दिने महत्त्वपूर्ण कल्याणमित्र पनि हो ।



Downloaded from http://www.dhamma.digital

दान दिएर देवलोकमा जन्म भएकी उपासिका दानको महिमालाई देखेर वा दानको कारण आफुलाई स्वर्गलोक प्राप्त भएको बुझि बारम्बार मनुष्यलोकमा मनुष्यको भेषमा पुनः देवलोकबाट ओर्लेर भिक्षादान दिन आउनेलाई भगवानले भन्नुभएको गाथा यहाँ विचारणीय छ –

"यदि पुण्य गऱ्यो भने बारम्बार गर्ने र फेरी फेरी गर्ने ईच्छा राख्नु पर्छ । यसरी गरिएको पुण्यले सुख प्राप्त हुनेछ । (ध.११८)"

पुण्य सञ्चय कसरी गर्ने त ? आफ्नो काय, वचन र मनद्वारा नराम्रा कामहरू वा अकुशल कर्महरू नगर्नु र अकुशल कर्महरूबाट टाढा रहनु नै पुण्य सञ्चय गर्नु हो । यदि कुनै नराम्रा काम गर्ने बानी छ भने त्यस्ता बानीलाई कम गर्दै लैजाने प्रयास गर्नु पर्दछ । त्यसैगरी कुनै राम्रो कार्य गर्ने बानी छ भने उक्त बानीलाई निरन्तरता दिई बढाउँदै लैजाने प्रयत्न गर्नु पर्दछ । यसरी शरीर, वचन र मनद्वारा गरिएका कुशल कामहरूलाई नै संक्षिप्त रूपमा पुण्य भनिन्छ । यो पुण्य हामीहरूसँगै छायाँ झैं हाम्रो पछि पछि आईराख्ने गर्दछ जुन हलुको छ, कहाँ गयो भनेर खोज्नु आवश्यक छैन ।

बुद्ध धर्ममा पुण्य सञ्चय गर्ने तरिका वा पुण्य गर्ने विधि वा पुण्यको मुहानलाई पुण्यक्रियावत्थु भनिन्छ । बुद्ध धर्मानुसार पुण्य तीन प्रकारले गरिन्छ । जुन यस प्रकार छ :

१. दान प्रदान वापत प्राप्त हुने पुण्य (दानमय)

२. शील पालना गर्दा प्राप्त हुने पुण्य (सीलमय)

३. ध्यान भावनाको अभ्यासले प्राप्त हुने पुण्य (भावनामय)

यस पुस्तकमा शील र समाधिको विषयमा अन्तमा छोटो परिचय भएपनि हामी केवल दानको महिमाका बारेमा छलफल गर्नेछौं ।



Downloaded from http://www.dhamma.digital

# दान

दानको शाब्दिक अर्थ दिनु, वितरण गर्नु वा सहयोग गर्नु हो । उदारता, निर्लोभता, पुण्य कार्य आदि शब्दहरूले पनि यसको पर्यायवाची अर्थ दिन्छ । चाहे जसलाई दिएको होस्, त्यो सबैलाई दान भन्न सकिन्छ । दानको अर्को अर्थ ममत्त्व भावलाई त्याग्नु वा छोड्नु हो । दानलाई एक प्रकारको पुण्य सञ्चयको साधारण तर फलदायक साधनको रूपमा लिने गरिन्छ । बोधिसत्त्वले बुद्धत्त्व प्राप्त गर्न दश पारमिता पूरा गर्नुभएको थियो । तिनीहरूमध्ये पहिलो पारमिता दान पारमिता हो ।

दान विभिन्न प्रकारले गर्न सकिन्छ । दानका उद्देश्यहरु धेरै प्रकारका हुन्छन् । कुनै व्यक्तिले गुणानुस्मरणाका लागि पनि दान गर्छ । कसैले समाजको हितको लागि दान दिन्छ । कसैले अनुग्रह र संग्रहका लागि दान दिन्छ । आफ्नो क्लेशलाई निर्मूल पार्ने उद्देश्यले पनि दान दिने गरेको पाईन्छ । यस अर्थमा त्याग र दानमा समभाव भएता पनि त्यागलाई पारमिता भनिदैन किनकी यो त्याग शब्द दान कार्यमा पहिले नै निर्भित भएको छ ।

दानको महत्त्वको विषयमा संयुक्त निकायमा 'दानं च युद्धं च समानमाहु' अर्थात 'दान दिनु युद्ध गर्नु समान छ' भनिएको छ । जसरी युद्धमा आफ्नो शत्रुलाई पराजित गर्न साहसपूर्वक, वीरतापूर्वक युद्ध गर्नुपर्ने हुन्छ, त्यसैगरी कुनै चिज दान दिन साहसपूर्वक आफूभित्रको लोभरूपी शत्रुलाई पराजित गर्नुपर्ने हुन्छ । हामीहरू सधैं लोभको कारण म, मेरो वा ममत्त्वको भावमा प्रतिदिन यो संसारमा घुमिरहेका छौं । जब हाम्रो मनमा त्याग भावना बृद्धि हुन्छ तब ममत्त्वको भाव कम हुन्छ र लोभको कारण विनाश हुँदै जान्छ । जति जति ममत्व भावबाट अलग्ग हुँदै जान्छ त्यति नै दान दिनुमा मन प्रफुल्लित हुन्छ । यस्तो कार्यले आफूमा भएको ममत्त्व भावलाई कम गर्छ र भौतिक पदार्थको मोहमा गुट्मुटिएर बसेको मनलाई स्वतन्त्र बनाउँछ । मन सकारात्मक सोचतिर अघि बढ्छ । समाजलाई हेर्ने दृष्टिकोणमा परिवर्तन हुन्छ । समाजलाई सिर्जनशील बनाई दिन्छ ।



Downloaded from http://www.dhamma.digital

तर आजको समाजलाई नियालेर हेर्ने हो भने भाइचारा नै हराउँदै गएको छ । लुटेर हुन्छ कि, ठगेर हुन्छ कसरी धन सम्पत्ति सञ्चय गर्ने भनी मनन गर्दै दिन प्रतिदिन आफ्नो मनलाई धुलोमा धुल्मुल्याई रहेको देखिन्छ । त्यसको फलले आजको हाम्रो समाजमा जति धुलोले वातावरणलाई दूषित बनाएको छ, त्यो भन्दापनि बढी हाम्रो मनलाई दूषित पार्दै लगेको छ भन्दा अतियुक्ति नहोला । जबसम्म हामी तृष्णाले ग्रसित भई भौतिकवस्तुमा आश्रित हुन्छौं, तबसम्म स्वच्छ मनले दान दिन मुश्किल हुन्छ । यदि स्वच्छ मनले दान गर्ने बानी बसाल्न सक्यौं भने मनमा भएको अहं भावलाई घटाउन सकिन्छ । तब मनमा भएको मोह रूपी फोहोर बिस्तारै कम हुँदै जान्छ । हाम्रो मन मस्तिष्कमा सहयोगको भाव उत्पन्न हुँदै जान्छ । भाइचाराका परछायाँहरू छाउन थाल्छ । चिसोले खुम्चिएर बसेको मनलाई बिहानको न्यानो घामले खोलेर कुशल कार्य सञ्चय गर्नमा अग्रसर बनाईदिन्छ । मनमा दानको भावना प्रतिष्ठित हुँदै गएपछि शील र समाधिको विकास सुलभ हुँदै जान्छ । दानको अभ्यास नै शील र समाधिको आधार हो ।  यी कार्यहरु गर्न कठिन अवश्य छ, तर असम्भव छैन ।

त्यसैगरी समाजको विकास गर्न एक आपसमा सहयोगको भावना उत्पन्न हुनु जरुरी छ, मैत्री चित्तको विकास हुनु अति आवश्यक छ । याचकलाई दिनेमा प्रिय हुन्छ, परित्यागको कारण शत्रु पनि मित्र हुन्छन् । कसैलाई दिंदा मनमा हर्षको फुल फुलाएर दिने गर्छौं । कसैप्रति दुःख कष्ट भएको छ भने उसको सहयोगको लागि सधैं तत्पर हुन्छौं । यस्तो कार्यले एक आपसमा हँसिलो मुहार र मुस्कान बढ्छ । सबैमा मिलिजुलिको भावना उत्पन्न हुन्छ । एकअर्काप्रति मैत्री चित्तका कारण मित्रता बढ्छ र शान्तिको सुभाष फैलिन्छ।

दान दिन योग्य वस्तुहरुमा खाना, पानी, कपडा, यातायात, फूलमाला, सुगन्धित पदार्थ, बस्ने स्थान, दीप आदि मात्र नभई कुशल सहयोग र सुझावहरु पनि दान वस्तुहरू हुन् । जुन दानले दान दिनेलाई पनि हानी हुन्छ र लिनेलाई पनि नोक्सान पुर्याउने कार्य हुन जान्छ त्यस्ता वस्तुहरूलाई दान भन्न सक्दैन ।



Downloaded from http://www.dhamma.digital

# b]L b]jtfsf]k'hf lsg ug]<

मानिसहरूको सम्प्रदाय, रहनसहन, विचार आदि फरक फरक हुने हुँदा इच्छा र अभिलाषाहरू पनि फरक फरक नै हुन्छन् । फरक फरक इच्छा र अभिलाषाहरू बोकेर मानिसहरु दिनहुँ मन्दिरमा भौतारिरहेको हामी देख्न सक्दछौं । कोही आफ्नो पढाईको सफलताको लागि त कोही राम्रो जीवन र धन सम्पत्तिको लागि, कोही आफ्नो हित र सुखको लागि त कोही आफन्तजनको कल्याणको लागि । यसरी कुनै न कुनै आशा र अभिलाषा बोकेर मन्दिरहरु भौतारिरहेका हुन्छन् । विशेष गरी दुःखको समयमा दुःखबाट छुट्कारा पाउनका लागि र त्यो दुःखबाट मुक्त हुने अभिलाषाले पनि मन्दिर जाने गर्दछन् । अर्कोतर्फ मरेपछि स्वर्गमा बास पाउन सकुन् भन्ने ईच्छाका कारण पनि मानिसहरू देवदेवीको पूजा आराधनामा लागेका हुन्छन् ।

परम्परागत धार्मिक अन्धविश्वासमा जकडिदै आएको समाजमा यो एक विधिको रूपमा चल्दै आएको छ । यसरी पूजा गर्दा यस्तो पाईन्छ, उस्तो पाईन्छ भन्ने लोभ लालच, भय र त्रासले गर्दा पनि हामी देवदेवीहरू भनि ढुङ्गा, पहाड, रूख आदिको पूजा गर्ने गर्दछौं । के यी कार्यहरू गर्दैमा हामीलाई साँच्चै नै फल मिल्छ त ? भगवान बुद्धले एउटा गाथामा भन्नुभएको छ '**अत्ताहि अत्तनो नाथो कोहि नाथो परोसिया**' अर्थात् आफ्नो नाथ स्वयं आफू नै हो, अरू कोही होइन । त्यसकारण, बुद्ध धर्मले हामीलाई मानव धर्म सिकाउँछ, मानिस भएर जन्मेपछि गर्नुपर्ने दायित्त्वहरूलाई बोध गराउन सिकाउँछ र आफूले आफैंलाई चिन्न सिकाउँछ । आफूले गरेको असल वा खराब कामको भागीदार आफै हो । राम्रो काम गरे राम्रै फल मिल्छ र नराम्रो काम गरे नराम्रै फल मिल्छ भनी बुझाउँछ । तर हामीहरू यसलाई बुझ्न चाहन्नौं, जान्न चाहन्नौं, सिक्न चाहन्नौं र स्वीकार गरि लिन चाहन्नौं । यदि हामीलाई कसैले मानसम्मान गऱ्यो वा राम्रो वस्तु अकस्मात् मिल्यो भने "म त भाग्यमानी रहेछु" भनेर गर्व गर्छौं भने अर्कोतर्फ गाली गऱ्यो, होच्यायो वा काम बिग्रियो भने क्रोधी भई "म त अभागी रहेछु" भन्ने भाव उत्पन्न गर्छौं ।



Downloaded from http://www.dhamma.digital

वास्तवमा राम्रो र नराम्रो भनेको आफूले गरेको राम्रो नराम्रो कामको फल मात्र हो । जस्तो विरूवा रोप्यो, त्यस्तै फल पाउने मात्र हो । न देवी देवताको वरदान हो न त श्राप नै हो । त्यसकारण पहिला आफूलाई नियाल्नु पर्‍यो । आफ्नो चित्तलाई जाँच्नु पर्‍यो । यदि चित्त शुद्ध छैन भने कुन कुन तत्त्वले गर्दा चित्त अशुद्ध भएको हो, थाहा पाउनु पर्‍यो । चित्त शुद्ध गर्ने विधिहरू सिक्नु पर्‍यो । आफ्नो चित्त शुद्ध भएपछि अरूको हानी हुने कर्म गर्न कदापि सक्दैन । अरूलाई हानी हुने कर्म नगरेपछि देवताहरू पनि खुशी हुने नै भयो । देवताहरु खुशी भएपछि किन देवता भनि ढुङ्गाको मूर्तिलाई पूजा गर्नु पर्‍यो ?

त्यसैले पुण्य, मन्दिर वा देवस्थानमा गएर पाउने होइन । पुण्य भनेको चित्तको शुद्ध र पवित्रताको कारणले हुने हो । चित्तलाई लोभ वा मोहले अशुद्ध गर्छ । क्रोध र मोहको कारण यो मन अपवित्र हुन्छ । वास्तवमा निर्वाण सुख भनेको यी तीनै प्रकारका अकुशलहरूबाट विहिन अवस्था हो ।

हामीहरुको श्रद्धा दुई प्रकारका हुन्छन् - अन्धश्रद्धा र सम्येक्श्रद्धा । आफ्नो विवेक वा बुद्धि प्रयोग नगरी कसैले भनेको वा सुनेको भरमा विश्वास गर्नुलाई अन्धश्रद्धा भनिन्छ । परम्परागत चलन वा कसैले श्रद्धापूर्वक मान्दै आएको भन्दैमा त्यो श्रद्धा कल्याणकारी नै हुन्छ भन्ने छैन । त्यो अन्धश्रद्धा पनि हुन सक्छ । तसर्थ, हाम्रो दुःखको कारण कार्यलाई बुझाईदिने र त्यसको निदान गरी दिने, विकसित गरी दिने तथा ज्ञान उब्जाउने श्रद्धा आवश्यक हुन्छ । त्यस श्रद्धालाई नै सम्येक्श्रद्धा भनिन्छ । यो हामी र हाम्रो मनुष्य जातिका लागि नै कल्याणकारक हुनेछ । सम्येक्श्रद्धा भनेको कुशल र अकुशल कार्यको कारण, कार्य र फलको विषयमा ज्ञात गराईदिने श्रद्धा हो । यो श्रद्धाको फल दुःखमुक्तिको मार्गदर्शक पनि हो । उक्त मार्गमा लागेर नै हामी यो भवसंसारबाट मुक्त हुन सक्दछौं । त्यसैले सम्येक् श्रद्धाले ज्ञान विवेक दिन्छ । व्यवहारमा परिवर्तन ल्याउँछ । हाम्रो व्यवहार राम्रो भएमा चरित्र राम्रो हुन्छ । चरित्रमा सुधार भनेको नै समाज र संसारमा सुख छाउने फल हो । यो कुनै देवको वरदान होईन् । उहाँलाई पूजा गरेर प्राप्त भएको पनि होईन । यो त आफ्नै व्यवहारको चाल हो ।



Downloaded from http://www.dhamma.digital

# चरित्रमा सुधार

भगवान बुद्धले दुःखको कारण नै तृष्णा हो भन्नु भएको छ । हामीहरू तृष्णाको कारण सधैं नयाँ र राम्रा चिजवस्तुहरूको चाहना गर्छौं । चाहना पूरा गर्नको लागि जस्तो सुकै काम गर्न पनि पछि पर्दैनौं । चाहे त्यो राम्रो होस् वा नराम्रो । यदि आफूलाई नराम्रो मन पर्दैन भने स्वभावतः अरूलाई पनि मन पर्दैन । त्यसैले नराम्रो काम नगर्नु नै वास्तविक सत्य हो । जब मानिसले आफ्नो चालचलन, बानी व्यहोरालाई संयमित बनाउँछ तब मात्र ऊ असल मानिस कहलाईन्छ, तब मात्र चरित्रवान कहलाईन्छ । यदि साँच्चै देवदेवीले देखेको भए, हेरिरहेको भए हाम्रो सुध्रिएको चरित्र देखेर सायद उहाँहरू पनि खुशी हुने थियो होला, हर्षित हुने थियो होला । तर असल चरित्र निर्माण गर्नु न त उहाँहरूको वरदान हो न त श्राप नै हो । त्यो त केवल राम्रो नराम्रो मनन गरी आफूलाई राम्रो हुने छानेर लिनु हो । चरित्र सुधार गर्नु भनेको नै कुशल कर्म सञ्चय गर्नु हो । कुशल कर्मको फलले चित्त शुद्ध र निर्मल भई मन एकाग्र हुन्छ अनि यो भवचक्रको जन्म मरणको भुमरीबाट छुट्कारा पाउँछ ।

आफ्नो दैनिक जीवनलाई सरल र सुखपूर्वक बिताउनु वा शील पालन गर्नु नै चरित्र सुधार गर्नु हो । यहाँ शील भनेर विशेषतः पञ्चशील अर्थात प्राणी हिंसा नगर्नु, चोरी नगर्नु, व्यभिचार नगर्नु, भुठो नबोल्नु र बेहोसी बनाउने पदार्थहरूको सेवन नगर्नु भन्ने हो । व्यक्तिको काम र व्यवहारबाट उसले शील पालना गरेको छ कि छैन भन्ने थाहा हुन्छ । फेरी शील विना चरित्र राम्रो हुन सक्दैन । असल चरित्र विनाको जीवन पनि टुक्रिएको जीवन जस्तै हुनेछ । त्यसैले जबसम्म चरित्र राम्रो हुँदैन तबसम्म घर तथा समाजमा शान्ति कायम गर्छु भनि सोच्नु पनि गलत नै सावित हुनसक्छ । त्यस्ता मानिसहरूले आफ्नो जीवनमा थोरै मात्र कुशल कर्म गर्ने सम्भावना हुन्छ ।



Downloaded from http://www.dhamma.digital

बिहान विभिन्न देवीदेवताको मन्दिर घुमेर धर्म गरेता पनि यदि राती जाँड रक्सी खाएर, जुवा तास खेलेर समय बिताएमा बिहानभर गरेको धर्म व्यर्थ जानेछ र त्यसको कुनै अर्थ हुँदैन । मुखमा राम राम बगलीमा छुरा भने भैंm धर्म कर्म गर्दैछु भनेर दैनिक बिहान मन्दिर पुग्ने, देवी देवताहरूको गुनगान गाउने तर मन्दिर बाहिर पुगेपछि जथाभावी बोल्ने, अर्कालाई गाली गर्ने, दुर्व्यवहार गर्ने, लुट्ने, पिट्ने तथा लागुपदार्थहरू सेवन गर्ने गरेमा भलो हुँदैन । यदि देवीदेवता यो संसारमा भएको भए पनि के ती देवीदेवताले उसको रक्षा गर्न आउलान् त ? अवश्य पनि आउँदैनन् ।

हामी मानिसहरूको स्वभाव कस्तो छ भने आफूसँग धन सम्पत्ति रहुञ्जेल मनोरञ्जन र मोजमस्ति मै समय खर्चिन्छौं । तर जब काम बिग्रिन्छ, धन सम्पत्तिमा कमी हुन थाल्छ, सबै सकिन्छ, खानलाउन कठिन हुन्छ तब मात्र मन्दिरमा गएर देवीदेवतालाई पुकार्छौं । त्यस्तो अवस्थामा देवीदेवतालाई पुकार्दैमा समस्या समाधान हुन्छ त ? अहं, अवश्य पनि हुँदैन । त्यो त हाम्रो विचार अपभ्रष्टताको परिणाम हो, चरित्र बिग्रेर भएको हो । साँचो कुरो त के हो भने "जस्तो बीउ छ त्यस्तै फल" भने भैंm यो सबै हाम्रो आफ्नै कर्मको फल हो । पूर्व जन्ममा हामीले जे रोपेका थियौं, आज हामी त्यही पाउँदैछौं र त्यही भोग गर्दैछौं । यसमा न त कसैको वरदानको प्रभाव छ न त श्रापको नै । राम्रो पाउने चाहना छ भने राम्रै कर्म गर्नु आवश्यक छ । त्यसैगरी हाम्रो आफ्नो भनेको आफूले गर्दै आएको कुशल वा अकुशल कर्म मात्र हो (कम्मदायदा), त्यही कर्मको कारण हामी जन्म लिन्छौ (कम्मयोनि), कर्म नै हाम्रो पहिलो शरण हो (कम्मपटिसरणा) र आफ्ना आफन्तहरू भनेको नै हाम्रो कर्म हो (कम्मबन्धु) । मानिसहरूले गरेको कर्मले नै राम्रो र नराम्रो छुट्याउने गर्दछ । कर्मकै कारण यो संसार चलिराखेको हो । जसले यो प्राकृतिक तथ्यलाई बुझ्छ, उसले अरूबाट केही पाउने आशा राख्दैन र प्रार्थना पनि गर्दैन । वर्तमानकालको कारण कार्यमा विश्वास राखी राम्रा कर्महरू सञ्चय गर्न तिर लाग्छ ।



Downloaded from http://www.dhamma.digital

# बासी भात र कर्म सुधार

भगवान बुद्धको समयमा धनञ्जय नामका एक धनी व्यक्ति थिए । उसको विशाखा नाम गरेकी एक जना छोरी थिइन् । उनी पूर्वजन्मको पुण्यका कारण भगवान् बुद्धको उपदेश सुनेर ७ वर्षको उमेरमा श्रोतापन्न भएकी थिइन् । १६ वर्ष पुगेपछि धनञ्जयले मिगार नामका धनाढ्य व्यक्तिका छोरा पुण्यवर्धनसँग विवाह गरिदियो । ससुरालमा सासु थिएनन्, केवल ससुरा मात्र थिए । ससुरा एकदम कञ्जुस थिए । विवाह भएपछि ससुरालको घरमा बुहारीको कर्तव्यलाई राम्ररी निभाएर बसेकी थिइन् । हेरचार, स्याहार सुसार एवं घरायसी कार्यहरूमा कुनै त्रुटि थिएन । तर त्यो घरमा भिक्षुहरूलाई दान दिने चलन भने थिएन । निग्रन्थहरू (नग्न साधुहरू) मा श्रद्धा राख्दथे ।

एकदिनको कुरा हो, बिहान मिगार सेठ चौरासी ब्यञ्जनले युक्त सुगन्धित ताजा ताजा भोजन खाईरहेका थिए । विशाखा आफ्नो ससुराको भोजनको रेखदेखमा बसिरहेकी थिइन् । त्यत्ति नै बेला एकजना श्रमण भिक्षु हातमा भिक्षापात्र लिएर भिक्षार्थ आउनु भयो । कञ्जुस मिगार सेठले भिक्षुलाई भिक्षा दिनुपर्ला भनेर देखे पनि नदेखेझैं गरी मुन्टो हल्लाएर खान थाले । त्यस भिक्षु पनि भिक्षार्थको लागि केहि भिक्षा पाउने आशाले उभेर बसिरहनु भएको थियो । आफ्नो ससुराले देखे पनि नदेखेको जस्तो गरेकोले दानको महिमालाई बुझिसकेकी विशाखा आफ्नो ससुराले भिक्षुलाई देखोस् र एक भाग भिक्षा दियोस् भनेर दुई तीन पटक संकेत गर्दा पनि आफ्नो ससुराबाट भिक्षुलाई दान दिने संकेत नपाएपछि भिक्षुलाई सम्बोधन गर्दै भनिन् –

"भन्ते ! तपाई भिक्षाको लागि अगाडि जानुस् । अहिले मेरा बुबा बासी भात खाँदै हुनुहुन्छ ।"

भर्खर पस्केको ताजा खानालाई पनि बासी भातको संज्ञा दिएर बोलेको वचनले मिगार सेठको मनमा ठूलो चोट पर्‍यो । यसैकारण ससुरा र बुहारी बीचमा



Downloaded from http://www.dhamma.digital

मनमुटाव सुरू भयो । उनीहरू बीचको सम्बन्ध चुडिँदै गयो । मिगार सेठले बुहारीलाई घरबाट निकाल्न पनि खोज्यो । त्यसबेला धनञ्जयले विशाखाको विवाहको समयमा साक्षी र सुरक्षाको लागि श्रावस्तीमा आठजना प्रसिद्ध व्यक्तिहरु नियुक्त गरेका थिए । दुई बीचको मनमुतावको विषयमा छिनोफानो गर्न विशाखाले ती विद्वान व्यक्तिहरूलाई बोलाउन पठाए । विशाखाले ती विद्वानहरुलाई बासी भातको स्पष्टिकरण दिदै भने –

"पूर्व जन्ममा गरेको पुण्यको फलले यस जन्ममा उहाँ धनसम्पत्तिले सम्पन्न हुनु भयो । त्यही पुण्यको फलले आज यस्तो ताजा खाना खान पाउँदै हुनुहुन्छ । आज उहाँसँग भएका सम्पूर्ण धनसम्पत्ति बितेका जन्महरूमा गरेको दानको फल हो । तर यस जन्ममा उहाँले दान गरेको देखिँदैन । त्यसैले यस जन्ममा भएको धनसम्पत्ति, यश आराम सबै बासी हो ।"

यो स्पष्टिकरणले मिगार सेठ धेरै प्रभावित भए र विशाखालाई भगवान बुद्ध घरमा आमन्त्रित गर्ने छुट पनि दिए । मिगार सेठ पूर्वजन्मको पुण्यबलको कारण त्यस जन्ममा पारमी सम्पन्न व्यक्ति थिए । फलस्वरुप एक दिन विशाखाको निमन्त्रणामा पाल्नुभएका भगवान बुद्धको उपदेश सुनेर मिगार सेठले पनि दान, शील र भावनाको महत्त्वलाई बुझे र त्रिरत्नको शरणमा गई आफ्नो जीवनलाई सार्थक बनाए ।

विशाखाको यो छोटो जीवनीले के प्रष्ट्याउँछ भने हाम्रो यो जीवन र हामीले यस जन्ममा भोग गरिरहेका धनसम्पत्तिहरू सबै पूर्वजन्मको दान पुण्यको फल हो । यस बिषयमा थेरी अपदानमा कोणागमन बुद्धको समयमा उहाँ प्रमुख भिक्षुसंघलाई दान दिएको पुण्यको फल स्वरूप धेरै पटकसम्म देवलोकमा उत्पन्न भएको, मनुष्य भएर जन्म लिई दुवै लोकमा यश आरामले पूर्ण भएर जन्म लिएका उदाहरणहरू अनगिन्ति छन् ।



Downloaded from http://www.dhamma.digital

देव र मनुष्य लोकमा भोगसम्पत्तिमा रमाउँदै सबै ठाउँमा सुखी भएर यो भवसंसारमा घुमिरहे भनी सुमेधथेरीले पनि बयान गर्नुभएको थियो । त्यसैगरी मण्डपदायिका थेरीमा पनि मण्डप, वर, त्रिचीवर दान गरेको पुण्यको प्रभावले जहाँ जहाँ जन्म लिए, सबै ठाउँहरूमा पूजा गराउन पाएकी भनेर मण्डपदायिका थेरी बताउँछिन् । त्यसैगरी बन्धुमती नगरको रानी भएको बेला राजाले भिक्षुहरूलाई बोलाएर दान धर्म गरे पनि उनी एकपिण्डपातदायिका थेरीले कहिल्यै त्यस कार्यमा सामेल हुन गएकी थिइनन् । एकदिन आफूले लिएर जाने कुशल कर्मलाई सञ्चय नै गरेको छैन अब सञ्चय गर्नु पर्‍यो भनेर राजालाई बिन्ती गरेर एकजना श्रमणलाई दान दिन अनुमति लिईन् । फलतः उनीले पनि राम्रा उत्तम खानाहरू पात्रमा हालेर त्यसलाई फेरी सुगन्धित बनाएर शुद्ध चित्तले दान गरेकी थिईन । त्यसैको प्रभावले मनुष्य लोकमा फेरि जन्म लिंदा चक्रवर्ती राजाको महारानी भएर जन्मेकी थिईन । हरेक जन्ममा यसरी नै कुशल कर्मलाई सञ्चय गर्दै यो जुनीमा दुःख मुक्त भई निर्वाण प्राप्त भयो भनेर एकपिण्डपातदायिका थेरीले उद्गार गर्नु भएको उदाहरणीय जिवनीहरु हुन् ।

साथै बोधिसत्त्वले पारमिता पूर्ण गरी सम्येक् सम्बुद्ध हुनको लागि हरेक जन्ममा गर्नुभएको दानको महिमा पनि साधारण दानदेखि लिएर दान उपपारमिता र दान परमत्थ पारमितासम्म पूर्ण गर्नुभएको विषयहरू स्मरणीय छ । हाम्रो नेपालको नमो बुद्ध भन्ने स्थानमा महोसथ राजकुमारले आफ्नो मासु काटेर बाघलाई दान दिएको स्थान बिर्सन सक्दैनौं । त्यसैगरी बिसन्तर राजकुमारको समयमा उहाँले गर्नुभएको महान दान पनि यहाँ स्मरणीय छ । यी दानहरूको पूर्णताले नै उहाँले सम्येक् सम्बुद्ध भई संसारलाई दुःख मुक्तिको बाटो देखाउन सफल भएको हो ।



Downloaded from http://www.dhamma.digital

# प्रथम पुण्य कर्म नै दान

दान दिनु नै धर्मवानहरूको प्रथम लक्षण हो । आगलागी भएको घरबाट मानिसले जति सम्पत्ति बाहिर निकाल्न सक्छ, त्यति मात्र उसको हुन्छ । जुन सम्पत्ति आगोमा जल्यो, त्यो उसको साथमा हुँदैन र उसको सम्पत्ति हुँदैन । जलेको सम्पत्ति कुनै कामको लायक हुदैन, चाहे त्यो अति नै प्रिय किन नहोस् । यो संसार पनि जन्म, जरा, मरणमा जलिरहेको छ र मरण हुनुभन्दा पहिला दिएको दान मात्र आफूसँग जाने हो । त्यस बाहेक अरु कुनै पनि चिज आफूसँगै जाँदैन । जति दान दिएको हुन्छ त्यति मात्र सुरक्षित भएको हुन्छ (-दिन्नहि होतु सुनीहितं) । जसले शीलवान, धर्मलाभी, उत्थान, वीर्यवानलाई दान दिन्छ, त्यो प्राणीले भवसंसारको नदीलाई पार गर्न आफूलाई सहज बनाएको हुन्छ ।

आफूसँग भएको कुनै चिजलाई त्याग्नु वा कसैलाई छोडिदिनु नै दान हो । बुद्ध धर्मानुसार हामीले जसरी दान दिन्छौं त्यसरी नै फल प्राप्त गर्छौं । जस्तो बिरूवा रोप्छौं त्यस्तै फल पाउँछौं । दान दिंदा पुण्यको फलस्वरूप जुन भौतिक पदार्थहरू लाभ हुने हो, त्यो भौतिक वस्तुहरू पाउने मात्र नभई हामीमा रहेको लोभ पनि घट्दै जानेछ । त्यसैले दानको अर्को फल लोभ घटाउनु हो । लोभ कम हुनु वा अन्त्य हुनु नै आध्यात्मिक सुखको मार्गमा पाईला सार्नु हो । भगवान बुद्धले भन्नु भएको छ की जसरी दान दिने गरिन्छ, जस्तो व्यक्तिलाई दान दिइन्छ त्यस्तै फल मिल्छ (-सीहनाद वग्गो, अं.नि.भा. ४) ।

भगवान बुद्धको समयमा कोशल नरेश प्रसेनजीत एक प्रसिद्ध धार्मिक राजा थिए । उहाँ समय समयमा महादान पनि गर्नुहुन्थ्यो । भगवान बुद्धले त्यस विषयमा पूर्वजन्ममा पनि उहाँ यसरी नै पण्डितजनहरूलाई दान दिनुमा लालायित हुनुहुन्थ्यो भनेर भन्नु भएको थियो । पूर्व जन्ममा कोशल नरेशले दश राजधर्म र चार संग्रहवस्तुद्वारा राज्य चलाउनु भएको थियो । जनताको लागि अभिभावक सरह माया र ममता तथा दुःखी दरिद्रहरूको लागि महादानी



Downloaded from http://www.dhamma.digital

हुनु हुन्थ्यो । उहाँकी एक पण्डित पटरानी पनि थिईन् । महारानी पनि सधैं दानशालामा गएर दान दिनु हुन्थ्यो । एकदिन उहाँलाई लाग्यो कि मेरो यो दान सधैं लोभीजनहरूको लागि मात्र त रहेन ? यसबाट मलाई त्यति सन्तुष्टि छैन । अब म शीलवानलाई दान दिन चाहन्छु भन्ने विचार गरी शीलवानहरूको लागि दान दिने तयारी गर्नुभयो । त्यसबेला प्रत्येकबुद्ध हिमालयमा ध्यान गर्दै हुनुहुन्थ्यो । त्यसैले पटरानीले गर्दै आउनुभएको दान, शील र भावनाको सत्य वचनले पण्डितजनहरू सहित प्रत्येकबुद्धहरूले पनि दान लिन आउनुहोला भनि अधिष्ठान गरिन् । पटरानीको अधिष्ठानको प्रभावले भोलि बिहान सबेरै प्रत्येकबुद्ध राजदरबारको ढोकामा भिक्षार्थ आउनु भयो । त्यस दिनदेखि राजाले प्रत्येकबुद्ध प्रमुख भिक्षु संघलाई निमन्त्रणा गरी सात दिनसम्म निरन्तर दान गर्नु भयो । सातौं दिन राजाले महादान गर्नुभयो र उक्त महादानलाई संघले पनि दानानुमोदन गर्नुभयो । जीवनोपरान्त राजाको सुगतीमा वास भयो । दानको महिमालाई यस उदाहरणले उद्गार गरेको छ । त्यसैले दान नै हाम्रो लागि प्रथम पुण्य कार्य हो ।

तृष्णाको कारण भौतिक सुख भोगको चाहना कहिल्यै अन्त्य हुँदैन । जति भयो त्यति नै चाहना बढ्दै जान्छ । भगवान बुद्धले भन्नु भएको छ की नदि समा तण्हा अर्थात् तृष्णा नदि समान छ । मानिसको स्वभाव नै हो कि जति पायो त्यतिले पुग्दैन । त्यसैले दान दिनु भनेको नै आफूसँग रहेको भौतिक पदार्थहरूबाट ममत्त्व भावलाई त्याग गर्नु हो । ममत्त्व भावलाई त्याग गर्नु नै आफूसँग भएको लोभलाई संयम गर्नु हो । यो दुःखबाट मुक्त हुने पहिलो खुड्किला हो । तर कुनै चिज अरूलाई दिन्छु भन्न जति गाह्रो छ त्यो भन्दा पनि कठिन त्यो चिज दिनुमा हुन्छ । त्यसकारण भगवान बुद्धले दान दिनु युद्ध गर्नु समान हो भन्नु भएको ।

एक धनीको घरमा एक जना सुन्दरी काम गर्थिन् । उक्त घरमा पण्डित सल्लाहकार एकजना पनि थियो । उक्त पण्डितको एकजना छोरो थियो । त्यो छोरो पनि आफ्नो बुबा झैं अति नै ज्ञानी र पण्डित थिए । एकदिन



Downloaded from http://www.dhamma.digital

धनीको निमन्त्रणामा दुवै बाबु छोरा धनीको घर गए । त्यहाँ ती सुन्दरीलाई देखेर पण्डितको छोरामा माया जाग्यो । घरमा फर्केपछि पनि केवल सुन्दरी मात्र सम्झन थाले । आफ्नो छोराको त्यो अवस्था देखेर पण्डितले धनी मालिकलाई आफ्नो छोराको बारेमा सबै कुरा बताए । धनीले पनि आफ्नो नोकरानीलाई सात दिनका लागि पठाई दिए । तर सात दिनपछि पण्डित छोरा र त्यो सुन्दरी बीच माया ममता झन प्रगाढ हुँदै गयो । धनीको घरमा त्यो नोकरानीलाई फर्काउन अनेक उपाय लगाउँदा पनि नफर्किएपछि धनी सार्‍है क्रोधित भए । त्यसबेला बोधिसत्त्व पनि त्यही नगरमा बस्नु भएको थियो । बोधिसत्त्व कहाँ यो कुरा पुगेपछि उहाँले तिनीहरुलाई यसरी सम्झाउनु भयो –

**गिलेय्य पुरिसो लोभा असिं सम्पन्नपायिनं,**
**यो च वज्जा ददामीति तं दुक्करतरं ततो ।**

अर्थात, रगताम्य तरवारलाई निल्न सजिलो छ तर “म यो दिन्छु” भन्ने शब्द एक लोभीलाई भन्न त्यो भन्दा पनि कठिन हुन्छ । सारांशमा कसैलाई कुनै चिज दिन्छु भन्न धेरै कठिन छ । त्यसैगरी

**न वाचमुपजीवन्ति अफलं गिरमुदीरितं,**
**यो च दत्वा अवाकयिरा तं दुक्करतरं ततो ।**

अर्थात, व्यर्थ मुखबाट निस्केको वचनमा कोही बाँच्दैन । जस्ले दिन्छु भनेर दिन्छ, यो दिनु कठिनभन्दा पनि अति कठिन छ । त्यस बाहेक अरू सबै सजिलो छ । छोटकरीमा, आफूले भने जस्तो दिनु कठिन छ, साथै दिएर अतृप्त हुन झन कठिन छ । (जातककथा नं.४०१ – दसण्णक जातक)

बुद्ध धर्ममा भिक्षु सीवली महास्थविरको जीवनीलाई अग्रस्थानमा लिईन्छ । बौद्ध देशहरूमा उहाँलाई लक्ष्मीको रूपमा पनि पूजा गर्ने गर्छन् किनकी उहाँ महालाभी हुनुहुन्थ्यो । उहाँ सात वर्षको उमेरमा बुद्ध धर्ममा श्रामणेर भएर बीस वर्ष पूरा भएपछि उपसम्पदा हुनु भयो । उपसम्पदा भएको केही समय पश्चात नै अर्हत् हुनु भयो । साथसाथै लाभसत्कारमा अग्रलाभी, पुण्यवानमा



Downloaded from http://www.dhamma.digital

प्रथमस्थान प्राप्त गर्नु भएको थियो । उहाँको हरेक इच्छाहरू पूरा हुन्थ्यो । उहाँ भएको स्थानमा भिक्षा (चतुप्रत्यय) को कमी हुँदैन थियो । उहाँ जुन दिशामा जानु हुन्थ्यो त्यहाँ कुनै प्रकारले दुःख र भय हुँदैन थियो । खानेकुरा र लाभमा कमी हुँदैन थियो । भगवान बुद्धले दानको फलानिसंस बताउनु हुँदै भिक्षु सीवलीले पूर्वजन्ममा गरेको दान पुण्यको फल हो भन्नु भएको थियो । उहाँले दान धर्म मात्र गर्नु भएको थिएन, साथमा "छैन भन्ने नै नहोस्" भनेर अधिस्थान पनि गर्नु भएको थियो । फलस्वरूप शुद्ध मनले दिएको दान र शुद्ध मनले गरेको अधिष्ठानबाट नै यस जन्ममा उहाँमा कुनै चिजको कमी भएन । साथै बुद्धको शासनमा लाभसत्कारमा अग्रस्थान भिक्षुको उपाधि प्राप्त गर्नु भयो । थाइल्याण्डमा उहाँको नाममा पूजा गरी प्रार्थना गर्ने परम्परा छ । उहाँको नामको गाथा शुद्ध चित्त र चेतनाले उच्चारण गरी प्रार्थना गरेमा लाभसत्कार प्राप्त हुने विश्वास रहेको छ । त्यो गाथा हो –

सीवली च महाथेरो लाभं लाभो जयो निच्चं
अहं वन्दामी तं सदा सीवलीमहाथेरस्स
एतं गुणं सवस्दिलाभं भवन्तु'मे ।
साधु । साधु ।। साधु ।।।

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# दानको प्रकार

अंगुत्तरनिकायमा भगवान बुद्धले दानलाई आमिसदान र धर्मदान गरी दुई प्रकारले विभाजन गरेता पनि विस्तृतरूपमा तीन प्रकारले व्याख्या गरिएको छ । जुन निम्नानुसार छन् –

१. आमिसदान वा वस्तु दिनु

२. धर्मदान वा ज्ञान दिनु

३. अभय दान वा माफ गर्नु

## १. आमिसदान वा वस्तुदान[१]

कुनै पनि वस्तु दान दिंदा अर्काको भलो होस् भन्ने चाहनाले नै दिएको हुन्छ । कुभलो होस् भनेर कहिल्यै दान दिईदैन । आफूसँग भएको धनसम्पत्ति, खाना, लुगा कपडा जस्ता चिजवस्तु वा बुद्ध धर्मानुसार चार प्रत्यय वस्तु अर्कालाई दिनु वस्तुदान हो । कुनै पनि सार्वजनिक कामका लागि गरिने श्रमदान पनि दान नै हो । श्रमदान शारीरिक रूपमा गरिने सहयोग भएकोले यसलाई शारीरिक दान भन्न सकिन्छ । आयु, वर्ण, सुख र बलद्वारा गरिने दानलाई आमिसदान भनिन्छ । यसर्थ बुद्ध धर्मानुसार वस्तुदान र श्रमदान दुवैलाई आमिसदान भनिन्छ । आमिसदानले मनमा लोभ घट्ने र क्लेश कम हुँदै जान्छ । विशेषतः बौद्ध उपासक-उपासिकाहरूले शुद्ध मनले दान दिएका कारण आजसम्म बुद्धधर्म र भिक्षुसंघ हामी माझ रहन सकेको हो । दानको अभावमा भिक्षुसंघ रहन सक्दैन र भिक्षुसंघको अभावमा बुद्धधर्म चिरस्थायी हुन सक्दैन । उपासक उपासिकाहरूले दिएको दानको प्रभावले नै बुद्धधर्म स्थिर रूपमा अगाडि बढिरहेको छ । दानमा अग्र जेतवन विहारदाता अनाथपिण्डिक महाजन साथै भिक्षु भिक्षुणीहरूको लागि महत्वपूर्ण ८ प्रकारका दान दिने पूर्वाराम विहारदाता विशाखा महाउपासिका यसका साक्षीहरू हुन् ।

१. दीय्यतीति दानं... दिय्यति अनेनाति वा दानं (मंगलदीपनी पाली भाग २ पेज २२)



Downloaded from http://www.dhamma.digital

त्यतिमात्र नभई भगवान बुद्धको परिनिर्वाण पश्चात् सम्राट अशोकलाई बुद्धधर्मका महान् दाताको रूपमा लिने गरिन्छ । उहाँमा महापरित्याग र दान भावना नभएको भए सायद बुद्धधर्म धेरै समय पहिला नै लोप भई सक्थ्यो होला । यी महान उपासक उपासिकाहरूको आमिसदानका कारण नै आज हामी बुद्ध धर्मका अनुयायी भएर विहारमा गई धर्मलाभ गर्न पाईरहेका छौं । पवित्र त्रिपिटक अन्तर्गत पेटवत्थु र विमान वत्थु ग्रन्थका साथै श्रावकचरित्र र जातककथाहरुमा पनि यस वस्तुदानको विषयमा धेरै उदाहरणहरू पाउन सक्छौं ।

भिक्षुसंघलाई मात्र दिनु नभई कुनै पनि वस्तु कसैलाई दिनु पनि आमिसदान हो । तर दान कसलाई दिएमा बढी वा कम फल प्राप्त हुन्छ भन्ने विषयमा शीलवानलाई दिएको दान त्यसमा पनि संघलाई दिएको दानको फल बढी हुन्छ भनी मज्झिम निकायको उपरिपण्णासकमा दक्खिणाविभङ्ग सुत्रमा भगवान् बुद्धले प्रस्ट रूपमा व्याख्या गर्नुभएको छ । यसको संक्षिप्त विवरण पछि प्रस्तुत भएको छ ।

## २. धर्मदान वा ज्ञान दिनु

आफूसँग भएको धार्मिक कुशलता तथा उत्तम ज्ञान आफ्ना साथीभाइ, इष्टमित्र, छरछिमेकमा बाँड्नु नै धर्मदान हो । यो दान आफ्नो प्रज्ञा र वचनले गरिन्छ । त्यस्तै आफूसँग भएको प्राविधिक वा अप्राविधिक ज्ञान अरूलाई बाँड्दा सबैको हित हुन्छ, सुन्दर भविष्य निर्माण गर्न मद्दत मिल्दछ भने त्यस्तो दानले आफूलाई मात्र नभई सबैलाई समृद्ध बनाउन सहयोग मिल्छ । संक्षिप्तमा अरूको भलो हुने काम गर्ने विधि तथा तरिकालाई सिकाइ दिनु नै धर्मदान हो ।

सिद्धार्थ गौतमले बुद्धत्त्व लाभ गरिसकेपछि ४५ वर्षसम्म देशना गर्नुभएको धर्मलाई नै धर्मदानको एउटा राम्रो उदाहरणको रुपमा लिन सकिन्छ । करूणाले पूर्ण उहाँले देव र मनुष्यको कल्याणका निमित्त ८० वर्षको उमेरसम्म विभिन्न गाउँ, नगर र देशमा भ्रमण गर्नुभई यो सांसारिक दुःखको चक्रव्यूहमा



Downloaded from http://www.dhamma.digital

फसेर दुःख पाएका सम्पूर्ण मानव जातिलाई दुःख र दुःख मुक्तिका बारेमा ४५ वर्षसम्म धर्मदेशना गर्नुभएको थियो । भगवान बुद्धले लोकहितका लागि दिनमा मानिसहरूलाई धर्मदेशना गर्नुहुन्थ्यो भने राती देवताहरूलाई देशना गर्नु हुन्थ्यो । यति मात्र नभई आफ्ना शिष्यहरूलाई पनि यसरी नै दुःख र दुःखमुक्तिको बाटो देखाउन सल्लाह दिनु हुन्थ्यो । जब उहाँको धर्म बुझेर ६० जना श्रावकहरूले भिक्षुत्त्व ग्रहण गरे तब उहाँले "चरथ भिक्खवे चारिकं बहुजनहिताय बहुजन सुखाय् लोकानुकम्पाय..." भनी भिक्षुहरू लोक (बहुजन) हित र सुखको लागि चारिक गर्न जाउ भनि निर्देश गर्नु भएको थियो । यसबाट प्रष्ट हुन्छ कि उहाँले जति पनि देशना गर्नुभएको थियो सबै धर्मदानको रूपमा दिनुभयो । यस कार्यबाट उहाँले केहि चाहना राख्नु भएन र भिक्षुसंघलाई पनि आमिसदानको सट्टामा धर्मदान दिनु भनि निर्देश गर्नु भएको थियो ।

अँध्यारोमा हिंडिरहेको बटुवालाई बत्ती बालेर बाटो देखाई दिए जस्तै यो लौकिक र लोकुत्तर ज्ञानलाई शील, समाधि र प्रज्ञा अध्ययन गरी दैनिक जीवनलाई सार्थक बनाउने प्रयास गर्न सिकाउनु नै धर्मदान हो । आफूमा भएको लोभ, द्वेष, मोह, क्रोध जस्ता विकारयुक्त दूषित धूलोलाई घटाउन, हटाउन र क्षय गर्न सिकाइ लोभ, द्वेष र मोहको भुमरीबाट छुटाउने ज्ञान अति नै अमूल्य र सुखकर हुन्छ । यस्ता महानज्ञान दान गर्नु महादान हो । त्यसैले भगवान् बुद्धले भन्नुभएको छ – सब्बदानं धम्मदानं जीनाति अर्थात सबै दान भन्दा धर्मदान गर्नु उच्च छ । (खु. ध. २५/३४/६३)

## ३. अभयदान वा माफ गर्नु

अभय अर्थात भय नभएको दान नै अभयदान हो । आफ्नो मनमा भएको क्रोधलाई जितेर द्वेष भावलाई हटाई कुनै पनि प्राणीप्रति मैत्री भावना कायम गर्नु नै अभयदान हो । यो अभयदान दुई प्रकारले गर्न सकिन्छ ।

१. अव्यापाद वितर्क (मैत्री चित्त): कुनै पनि प्राणीको कुभलो वा अकुशल नचिताउनु र मैत्री चित्तले युक्त भई जीवन व्यतित गर्नु, व्यापादबाट मुक्त हुनु नै अव्यापाद वितर्क हो ।



Downloaded from http://www.dhamma.digital

२. अविहिंसा वितर्क (करूणा चित्त): अर्कालाई दु:ख कष्ट दिनेबाट अलग्ग भई करूणापूर्ण विचार गर्नु अविहिंसा वितर्क हो ।

बाहिरबाट हुने चोटलाई सहन गर्न जति गाह्रो हुन्छ, त्यो भन्दा पनि क्षमा गर्न गाह्रो हुन्छ । कसैलाई माफ गर्न त्यति सजिलो हुँदैन । अहंभावको कारण मलाई यस्तो गऱ्यो, मलाई त्यस्तो गऱ्यो, मेरो यस्तो लियो त्यस्तो लियो भन्ने स्वभावका कारण वैरभावले मनमा ठूलो ठाउँ ओगटेको हुन्छ त्यसकारण क्षमा गर्न हामीलाई धेरै कठिन हुन्छ । क्षमा गर्नुपर्छ वा माफ गर्नुपर्छ भन्ने सबैलाई थाहा छ तर पनि हामी क्षमा गर्न चाहँदैनौ र मनमा त्यो वैरभावको काँटाले बिभाउँदै हिड्छौं । त्यसैले यो अभयदान गर्न धेरै नै गाह्रो छ । अभयदान गर्दा पहिला बाहिरबाट क्षमा दिनु अर्थात् कसैले काय, वचन र मनले हामीलाई चोट पार्ने प्रयास गरेको छ अथवा हाम्रो नोक्सान चाहेको छ वा हाम्रो कुभलो चाहेको छ भने त्यस्ता व्यक्तिहरू प्रति क्रोधरहित भई मैत्री भावना राखी उनीहरूलाई माफ गर्नु पर्दछ । तर यो तितो सत्य कसैलाई चित्त बुझ्ला त कसैलाई नबुझ्ला ।

त्यस्तै आफूले आफैंलाई माफ गरी आफ्नो काय, वचन र मनले गरेका अकुशल कर्ममा दोष देखेर ती अकुशल कार्य महशुस गरी कुशल कार्यमा लाग्ने प्रयत्न गर्नुपर्दछ । यो अभयदानको प्रमुख उद्देश्य नै दोषलाई हटाउनु हो । आफूलाई पनि क्षमा गर्न जान्नुपर्छ । अकुशल कार्यको फल नराम्रो हुने भएर त्यो कार्यलाई महशुस गरी आफूले आफैंलाई क्षमा गर्नु पनि महत्त्वपूर्ण हुन्छ । त्यसैले भनिन्छ, गरेर बिग्रेको महशुस गर्नु ठूलो सुधार हो । यो पनि एक प्रकारको आफूले आफैंलाई दिने दान हो ।



Downloaded from http://www.dhamma.digital

# दानको उद्देश्य

मानिसहरू विभिन्न अभिलाषाहरू राखेर दान पुण्य गर्ने गर्दछन् । कोही धन सम्पत्तिको चाहनामा दान गर्ने गर्दछन् त कोही मरणपछिको स्वर्गवासको आशामा दान दिने गर्दछन् । कुनै इच्छा र आकांक्षा रहित दान दिनको लागि निर्देशन भएपनि निर्वाणको कामना गरी दान दिन जान्नु पर्दछ । दान दिनुको उद्देश्यहरूमा यी प्रमुखमा आउँछन् ।

## १. प्रतिष्ठा बढाउन

आजकल प्रायः मानिसहरू पुण्यको आशा भन्दा आफ्नो यशकीर्ति बढाउनको लागि दान दिने गर्दछन् । त्यसैगरी आफन्तजनलाई रिझाउन उनीहरूलाई मन परेका सामानहरू किनेर दिने वा घुमाउन लैजाने पनि गर्ने गर्दछन् । घूस लिने दिने प्रथा पनि यस प्रकारको दान भित्र पर्दछ । यी कार्यहरू गर्नु भनेको आफ्नो प्रतिष्ठा बढाउनको लागि हो । आफ्नो क्षणिक फाइदाको लागि हो । यस्ता कार्यहरूबाट दीर्घकालसम्म फल पाउन गाह्रो पर्दछ । यसको ठीक उल्टो सहयोगको भावनाले अरूलाई दिनु र त्यो दिए वापत फलको आशा नगर्नाले त्यस्तो दानबाट बढी पुण्य प्राप्त हुन्छ । यसरी गरेको दानले सामाजिक विकासमा बढि मद्दत पुग्छ । सामाजिक कार्यको लागि दिएको दानको महत्त्व प्रतिष्ठा बढाउनको लागि दिएको दानको महत्त्वभन्दा बढी हुन्छ । अझ त्यसभन्दा पनि ठूलो प्रतिष्ठा त कसैले आफू माथि गरिएको गुणको सम्झनामा गरिने दानको प्रभाव धेरै हुन्छ । कृतज्ञता पूर्ण सहयोग र दानको बढि फलदायी हुन्छ ।

## २. सहयोग भावले दान दिनु

कुनै चिजवस्तु अरूलाई दिंदा उनीहरूप्रति मैत्री चित्त र करूणाको भावनाले दान दिनुलाई सहयोगको भावले दिएको बुझिन्छ । आफ्ना



Downloaded from http://www.dhamma.digital

गुरु–आचार्यले दिनु भएको ज्ञान तथा धनीले गरीबलाई शुद्ध चित्तद्वारा पढ्नको लागि छात्रवृद्धि दिनु आदिलाई सहयोगको भावनाले दिएको दानको उदाहरणको रूपमा लिन सकिन्छ । तर आजकल सच्चा सहयोगको रूपमा दान दिनेहरू भेट्टाउन गाह्रो छ । आजको संसारमा एक हातले दिएर अर्को हातले लिने प्रवृत्ति बढिरहेको छ । यस्तो कार्यले अविश्वास पनि बढाईरहेको छ । फलतः तँछाड र मछाडले यो समाज झन् दुर्गन्धित हुँदै गईरहेको देखिन्छ । परोपकारी भाव र एकआपसमा भाइचाराको वातावरण नै विलिन हुँदै गईरहेको छ । जबसम्म यो भाईचारा र सहयोगको भाव मनमा जाग्रित हुँदैन, समाज र देशको विकास हुन्छ भनि कल्पना गर्न पनि सकिदैन । एक अमेरिकी राष्ट्रपतिले आफ्ना देशवासीलाई सम्बोधन गर्दै भन्नुभयो –

> "देशले के दिन्छ भनेर बस्नु भन्दा पनि म देशलाई के दिन सक्छु भन्ने भावना जाग्रित गरेमा मात्र देशको विकास द्रुत गतिमा हुन सक्छ ।"

जुन हामी नेपालीहरूको लागि पनि विचारणीय छ । विषेशतः आजको यो हाम्रो समाज र देशको परिस्थिति पनि यस्तै अवस्थामा छ । हाम्रा शासकवर्गले हामीलाई के दिन सक्छ भनेर आशा गरी बस्नु भन्दा पनि यो देश विकासको लागि मैले के सहयोग गर्न सक्छु भन्ने विचार गर्न सक्यो भने देशले अवश्य पनि फड्को मार्ने निश्चित छ ।

## ३. पूजाको भावले दान दिनु

कुनै व्यक्तिले हामी माथि करूणापूर्वक गरेको उपकारहरूलाई सम्झेर उहाँहरूको गुणको सम्झनामा उहाँहरूको गुणानुस्मरण गर्दै दिनुलाई पूजाको भावले दिएको दान भनिन्छ । दुःखमुक्ति सम्बन्धी भगवान बुद्धले दिनु भएको अमूल्य ज्ञानको गुण स्मरण गर्दै बौद्धजनहरू उहाँको पूजा सत्कार गर्दछन् । फेरी बुद्ध धर्म सम्बन्धी अध्ययन गरी दैनिक जीवनमा अभ्यास गर्नको लागि योग्य रूपमा ब्याख्या गरिदिनु हुने भिक्षुसंघलाई कृतज्ञतापूर्वक दान दिने गरिन्छ ।



Downloaded from http://www.dhamma.digital

अंगुत्तर निकाय दुक्क निपातमा पुब्बाकारी र कतञ्जुकतवेदिको धर्मदेशना गर्नुभएको छ । पुब्बकारीको रूपमा विशेषतः आमाबुबालाई लिइन्छ जसले हामीलाई जन्म दिनुभयो । बालककालदेखि हामीलाई जाडो होला, गर्मी होला भनेर विचार गर्दै पालनपोषण गर्नुभयो । आफ्नो सन्तानको सुखमा नै आफ्नो सुख मान्ने उहाँहरूले हामीलाई आफ्नै एक अङ्ग मान्नुहुन्छ । यस्ता अनगिन्ति गुणले युक्त हुनुभएका आमाबाबुलाई बयस्क भएपछि पालनपोषण गर्नु, उहाँहरूको हेरबिचार गर्नु र बिरामी अवस्थामा स्याहार सुसार गर्नुलाई पूजाको रूपमा लिइन्छ । उहाँहरूको गुणको स्मरण गर्नेलाई नै कतवेदि वा कृतज्ञ अथवा कर्तव्यपालक व्यक्ति भनिन्छ ।

तर आजकल आमाबुबाको सेवा उहाँहरूको धनसम्पत्तिको लोभमा गर्ने गर्छन् । यसरी गरेकोमा पनि नराम्रो छ भन्न सकिन्न । तर त्यो भन्दा नराम्रो बुढाबुढी भइसकेका आमाबुबासँग बस्दा लाज लाग्छ भनि आमाबुबालाई बृद्धाश्रममा राख्न लैजाने पनि गरिन्छ । भनिन्छ, आमाबुबाले आफ्ना दश छोराछोरीलाई पाल्न सक्छ तर ती दश छोराछोरीले ती दुई बुबाआमालाई पाल्न सक्दैनन् । आफूलाई जन्म दिने आमा र ठूलो बनाउने बुबालाई त भुल्न सक्ने अरूको त कुरै नगरौं । आफूलाई गरेको गुणको सम्झनामा दिनेहरू धेरै कम मात्र हुन्छन् । यो संसारमा कृतज्ञताको गुणलाई बुझ्ने व्यक्ति खोज्न गाह्रो छ ।

आमाबाबुपछिको सहयोगी गुरु-आचार्य हुनुहुन्छ । उहाँहरूले अल्छि नमानी आफूसँग भएका ज्ञान दिनु हुन्छ । यस्तो अमूल्य ज्ञान दिनु भएको सम्झनामा हामी  गुरुपूजा गर्ने गर्दछौं । साथै श्रमण भिक्षुहरूले पनि कुनै फलको आशा नगरी दुःखमुक्तिको मार्गलाई देशना गर्नुहुन्छ । उहाँ श्रवण भिक्षुहरूको देशना मानव बनाउन सिकाउने, असल चरित्र निर्माण गर्न सिकाउने खालका हुन्छन् त्यसैले उहाँहरू पूजनीय हुनुहुन्छ र त्यस गुणको सम्झनामा दिइने दानलाई पूजाको रुपमा दिइएको दान भनिन्छ ।

मानिसहरूले मृत्यु पश्चात् आफूसँग भएको सम्पूर्ण भौतिक वस्तुलाई छोडेर जानुपर्दछ । एउटा सियोको टुप्पोको एक सानो चिज पनि हामीसँगै जाँदैन ।



Downloaded from http://www.dhamma.digital

हाम्रो यो शरीर मरण पश्चात् जसरी सबै जलेर जान्छ, कुनै एक चिज पनि आफ्नो हुँदैन । त्यस्तै हामीहरुको धन सम्पत्तिहरू पनि हुन् । त्यसैले भगवान् बुद्धले भन्नुभएको छ :

उभो पुञ्यञ्च पापञ्च यं (कम्मं) मच्चो कुरूति इध
तम्हि तस्स सकं होति तं च (मच्चो) आदाय गच्छति
तं चस्स अनुगमं होति छाया'व अनुपायिनी ।।

अर्थात् मरण पश्चात् हामीसँग जाने भनेको नै पाप र पुण्यमात्र हो जुन हामीले यहाँ सञ्चय गऱ्यौं त्यही नै मात्र हाम्रो हो । यो पाप र पुण्य छाँया झैं हामीले जहाँ जन्म लिन्छौं, त्यहाँपछि लागेर आउँछन् । मृत्युपश्चात आफूसँग लाने पाप र पुण्यमा पुण्यको प्रभावले अर्को जन्ममा असल र राम्रो ठाउँमा जन्म लिन पाउँछ भने दानको प्रभावले राम्रो स्थान र सम्पत्ति प्राप्त हुन्छ ।

हाम्रो गति हामी आफैले बनाउनु पर्छ कुनै देवी देवताको वरदानले प्राप्त हुने होइन । यदि कुनै चिज त्याग गर्न सक्दैन भने हामी जतिसुकै देवताको अगाडि बसेर मलाई स्वर्गबास होस् भनी कराए पनि स्वर्गबास पाउन सक्दैनौं, । आफूसँग भएको धनसम्पत्तिको कुनै भाग आफूसँग लाने एउटै मात्र बाटो हो, त्यो सहयोग वा मैत्री चित्तद्वारा दान दिनु हो । घरमा अकस्मात आगलागी भएमा त्यहाँबाट निकाल्न सकेको धनसम्पत्ति मात्र हाम्रो हुनेछ । आगलागीको समयमा आफूले सुरक्षित गर्न सकेको सम्पत्तिमात्र आफ्नो हुनेछ । आगोमा जलेको सम्पत्ति हामीले चाहेर पनि हाम्रो हुन सक्दैन । हामीले यो जन्ममा गरेको दानपुण्य मात्र अर्को जन्मको लागि राम्रो ठाउँमा जाने रासन टिकट हो । दान पुण्यलाई उच्च बनाउन आफूमा भएको ममत्त्वभावलाई त्याग गरी लोभ, दोष र मोहलाई कम गर्दै लाने कोशिश गर्नु पर्दछ । अंगुत्तर निकाय अनुसार दान आठ प्रकारले दिने गरिन्छ ।

१. अनासक्त भावले दान दिनु
२. भयको कारण दान दिनु
३. अदृश्य रूपमा दान दिनु
४. देखावतीको रुपमा दान दिनु
५. मालिक (राम्रो) दान
६. नपकाउनेलाई दान दिनु
७. कीर्तिको आशामा दान दिनु
८. चित्त परिशुद्धको लागि दान दिनु



Downloaded from http://www.dhamma.digital

# दान कसरी गर्ने

भगवान बुद्ध जेतवन विहारमा विहार गरिरहनु भएको समयमा उहाँले आफ्नो दिव्य चक्षुद्वारा वेलुकण्ठक भन्ने गाउँमा नन्दमाता नाम गरेकी उपासिकाले भिक्षु सारिपुत्र र मोग्गल्लान प्रमुख भिक्षु संघलाई दान दिएको देख्नु भई उक्त दानका विषयमा भगवान बुद्धले भिक्षुसंघलाई सम्बोधन गर्दै भन्नुभयो – "भिक्षुहरु, उपासिका नन्दमाताले छ गुण (दायकमा हुनुपर्ने तीन गुण र प्रतिग्राहकमा हुनु पर्ने तीन गुण) ले युक्त दान दिएकी छिन् । ती गुणहरू हुन् :

दायकमा हुनुपर्ने गुण :

१. दान दिनुभन्दा पहिले मन राम्रो हुनुपर्ने ।
२. दान दिदैं गर्दा चित्त प्रसन्न हुनुपर्ने ।
३. दान दिईसकेपछि पनि चित्त प्रसन्न हुनुपर्ने ।

प्रतिग्राहकमा हुनुपर्ने गुण :

१. रागलाई निर्मूल गरिसकेको वा गर्ने बाटोमा लागेको हुनुपर्ने ।
२. द्वेषलाई निर्मूल गरिसकेको वा गर्ने बाटोमा लागेको हुनुपर्ने।
३. मोहलाई निर्मूल गरिसकेको वा गर्ने बाटोमा लागेको हुनुपर्ने ।

"भिक्षुहरू, यी ६ प्रकारका लक्षणाले युक्त भएको दानको आनिसंस धेरै छ । यो ६ प्रकारले युक्त भएको दानले धेरै सुख प्राप्त हुन्छ । जसरी समुद्रको पानी कति छ भनेर अड्कल गर्न सकिदैन त्यसैगरी यस्तो दानको फललाई पनि अड्कल गर्न सकिदैन ।"

यस दानसुत्रबाट के प्रष्ट्याउँछ भने सानो भन्दा सानो दान पनि यदि यी गुणहरूले युक्त भएमा त्यस्को फल धेरै हुन्छ । बुद्ध धर्मानुसार तीन प्रकारले पूर्ण भएको दानको फल उच्च हुन्छ ।



Downloaded from http://www.dhamma.digital

ती तीन गुणहरू हुन् :

१. शुद्ध चेतना (चित्त सम्पत्ति)

२. शुद्ध वस्तु (वस्तु शुद्धता)

३. शुद्ध पुग्गल (दायक र प्रतिग्राहक शुद्धता)

## १. शुद्ध चेतना (चित्त सम्पत्ति)

पुण्य सञ्चय गर्नको लागि शुद्ध मनले चिताएर दिने दान शुद्ध चेतना हो । कसैको दवावमा नपरी प्रफुल्ल मनले दान गर्ने इच्छा उत्पन्न हुनु हो । यदि कसैले नामको लागि मात्र दान गरेमा त्यो शुद्ध चेतना भएन । शुद्ध चेतनाबाट दान दिंदा, दिँदै गर्दा र दिईसकेपछि पनि आनन्द र पुण्यको अभिलाशा भएको हुनुपर्दछ । त्यसैले दान दिनु पूर्व आफ्नो चेतना (**पुब्ब चेतना**) हर्षित र प्रफुल्लित भएको हुनु पर्दछ । त्यसैगरी दान दिंदै गर्दा पनि हँसिलो मुहार र मनैदेखि दिने चाहना उत्पन्न गरी दान दिनु (**मुञ्चन चेतना**) पर्दछ । त्यस्तै दान दिईसकेपछि पनि मन हर्षित भई पुण्यको त्यो सुखद क्षणको अनुभव सधैं भइरहने स्वभाविक धर्म **अपरापर चेतना** हो । चेतनाले दान कार्यमा धेरै नै महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । चेतना विना कुनै काम गर्न सम्भव हुँदैन । चेतनाले सम्पूर्ण कार्यमा अग्रस्थान लिने भएकोले हाम्रो चेतनालाई शुद्ध राख्नु जरूरी छ । यसरी शुद्ध चेतनाले दिएको दानको प्रतिफल पनि अवश्य नै ठूलो हुनेछ ।

पुब्बेव दाना सुमनो ददं चित्तं पसादये ।

दत्वा अत्तमनो होति एसा यञ्ञस्स सम्पदा

अर्थात, दान दिने दायक दान दिनुभन्दा पहिले पनि खुशी, दान दिंदै गर्दा पनि खुशी र दान दिइसकेपछि पनि खुशी छ भने त्यस्तो दान नै महान दान हो ।

## २. शुद्ध वस्तु (वस्तु शुद्धता)

दान दिंदा शुद्ध वस्तुमात्र दान दिनु उपयुक्त हुन्छ । सफा र राम्रो मात्र नभई शुद्ध चित्तले परिश्रम गरी इमान्दारी पूर्वक कमाएको वस्तु दान दिंदा



Downloaded from http://www.dhamma.digital

राम्रो हुन्छ । कुनै पनि दुश्चरित्र र अपराधिक कार्यबाट कमाएको वस्तु दान दिनु हुँदैन । दुश्चरित्र र अपराधिक कार्यबाट कमाएर धेरै दान गर्नुभन्दा शुद्ध रूपमा कमाएर दुई मूठी चामल मात्र दान गर्दा बढी मूल्यवान हुन्छ । बुद्ध धर्मानुसार वस्तु शुद्धता भन्नाले सुचरित्रबाट प्राप्त गरेको र ग्रहण गर्ने व्यक्तिलाई पनि त्यो वस्तु प्रयोजनयुक्त हुनु हो । दान दिंदा जहिल्यै पनि दिने व्यक्तिले लिने व्यक्तिको आवश्यकता पूर्ति होस् भन्ने इच्छाले दिनु पर्दछ ।

एकजना धनी सधैं भिक्षुहरूलाई भोजनदान दिने गर्दथे, तर पनि सन्तुष्ट हुन नसकी भिक्षुसँग सोध्दा मिहिनेतले कमाएर खरीद गरेको वस्तु दान गर्दा शुद्ध हुन्छ भनेको सुनेपछि त्यस धनी गरीबको भेषमा काम गरी केही रकम कमाएर दान दिएर पुण्य कमाएको उदाहरणहरू त्रिपिटकमा उल्लेख छन् ।

## ३. शुद्ध पुद्गल

शुद्ध पुद्गल भन्नाले दान दिने दाता र दान लिने दुवै बुझिन्छ । दान दिने व्यक्तिलाई दायक भनिन्छ । दायक शीलमा प्रतिस्थित भई कल्याण धर्म शुद्ध चित्तले पालना गरेको हुनु जरूरी छ । दुशील वा अकुशल कर्मले युक्त हुनु हुँदैन । अकुशल कर्मदेखि टाढा रही शुद्ध चित्तले शुद्ध वस्तु दान दिनुपर्दछ । यहाँ शुद्ध वस्तु, शुद्ध चित्त र शुद्ध दायक मात्र भएर पुग्दैन । त्यसमा दान लिने पनि त्यत्तिकै शुद्ध हुन आवश्यक छ । दान लिने प्रतिग्राहक (व्यक्ति) पनि शीलमा प्रतिस्थित भएको व्यक्ति हुनु पर्दछ । शुद्ध प्रटिग्राहक भन्नाले शील पालन गरेर धर्मलाई राम्ररी धारण गरी दुःखबाट मुक्ति हुने मार्गमा आफू पनि प्रयत्नशील रही अरूलाई पनि त्यस मार्गमा लगाउन प्रयास गर्ने व्यक्तिविशेष हो । श्रमण भिक्षुहरू शुद्ध प्रतिग्राहक हुनुहुन्छ जो शीलधर्ममा प्रतिस्थित भई भगवान बुद्धको उपदेशलाई धर्मको रूपमा पृथकजन समक्ष प्रस्तुत गरी दुःखबाट मुक्त हुने बाटो देखाई दिनुहुन्छ । त्यसैले शुद्ध पुद्गलबाट शुद्ध पुद्गललाई दानदिनुको फल उच्च हुनेछ ।

दान दिंदा चेतनशील हुनु जरूरी छ । नक्कली भिक्षुलाई शुद्धचेतनाले



Downloaded from http://www.dhamma.digital

दिएको दानको फलले स्वर्गीय भएका राजा र सच्चा भिक्षुलाई दुषित चेतनाले दिएको दानको फल स्वरूप मन खिन्न पार्दै बस्नु परेको उदाहरणबाट पनि दान दिने समय शुद्धचेतनाले युक्त हुनु आवश्यक देखिन्छ ।

अंगुत्तर निकायमा पाँच प्रकारले दान दिनुपर्दछ भनेर उल्लेखित छन् ।

१. सद्धाय दान (श्रद्धाभावले दान दिनु)

२. सक्कच्च दानं (सावधान भएर दान दिनु)

३. कालेन दानं (समय अनुरूप दान दिनु )

४. अनुग्गहित चित्तनो दानं (अनुग्रहित भावले दान दिनु)

५. अत्तानं च परं च अनुपहञ्च दानं (कसैलाई पनि हानी नहुने दान दिनु)

हामीले पहिले आमिस, धर्मदान र अभय दानको व्याख्या गरिसक्यौं । दीघनिकाय, पायासिराजञ्ञ सुत्त अनुसार दानलाई चार अङ्गले परिपूर्ण गरी दान दिनुपर्छ भनेर उल्लेखित छन् । ती चार अङ्गहरू हुन् :

१. पहिले नै तयार गरिराखेको ।

२. आफ्नै हातले तयार गरेको ।

३. मनासिवपूर्वक दान दिनु ।

४. अखण्डित दान दिनु ।

दान गर्दा राम्रो फल पाईन्छ भनेर अरुलाई हानी हुने गरी जथाभावी चिजवस्तुहरू दान गरेमा त्यसको फल नमिल्न पनि सक्छ । त्यस्तो दानले पुण्य हुनुको सट्टामा पाप हुन सक्छ । भगवान् बुद्धका अनुसार ५ प्रकारका वस्तुहरू दान दिन लायक छैन । ती हुन् :

१. चुरोट, जाँड, रक्सी अफिम, गाँजा आदि दान दिनु उचित हुँदैन । यसले पुण्यको सट्टामा पाप हुन्छ । सेवकलाई मात्र हानिकारक नभई समाजलाई पनि हानिकारक हुन्छ ।



Downloaded from http://www.dhamma.digital

२. हातहतियारहरू दान दिनु हुँदैन । साथीभाइहरूको मतभेद वा मानिसहरू बीच वादविवाद भएको स्थानमा हतियारहरू दिनुलाई दान भनिँदैन । यसबाट पुण्यको सट्टामा पापमात्र हुन्छ ।

३. राम्रो काममा बाधा हुने चलचित्रहरू देखाउनु तथा विभिन्न अश्लिल चलचित्रका क्यासेटहरू दिनु, कामोत्तेजक फिल्महरू दिनु उचित हुँदैन ।

४. अनैतिक रूपमा स्त्री खोजेर पुरूषलाई दिनु वा पुरूष खोजेर स्त्रीहरूलाई दिनु पनि अनुचित छ ।

५. अश्लिल चित्रहरू भएको पुस्तक दिनु अनुचित छ ।

यी ५ प्रकारका वस्तुहरू दान दिनु उचित छैन किनकी यी वस्तुहरूबाट पाउने व्यक्तिलाई मात्र हानी नभई अरूलाई पनि हानी हुने भएकोले यस प्रकारको दानको फल राम्रो हुँदैन । त्यसकारण सबै दानलाई कुशल दान भनिदैन । त्यसैगरी जथाभावी दान गर्नु पनि उचित हुदैन । दान दिंदा शुद्ध चेतना र शुद्ध वस्तुहरू हुनु आवश्यक छ ।

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# प्रतिग्राहकको प्रकार

दानको महत्त्व महान भए पनि दान दिन्छु भन्दैमा दान दिन सक्ने होइन । प्रथमतः दान दिने चेतना मनमा उत्पन्न हुनु पऱ्यो । त्यो चेतनाको साथमा दानवस्तुको पनि आवश्यकता हुन्छ । आफूसँग दान दिने चेतना छ, दान दिने वस्तु पनि छ, तर समय छैन भने दान दिन सक्दैन । यी तीनै अङ्गहरूले परिपूर्ण छ । तर दान लिने व्यक्ति छैन भने त्यो दान पूर्ण हुन असम्भव छ । त्यसैले यी चार अङ्गहरूले पूर्ण भएपछि मात्र एक दान सम्पन्न हुन्छ । यहाँ दान लिने व्यक्तिको विषयमा छोटो विवरण प्रस्तुत छ । बुद्ध धर्मानुसार त्रिपिटकको मज्झिम निकायमा प्रतिग्राहक अर्थात दान लिने व्यक्तिलाई दुई प्रकारले विभाजन गरिएका छन् :

१. पातिपुग्गलिक दान                २. संघदान

## १. पातिपुग्गलिक दान

एक व्यक्तिको नाममा दान दिनुलाई पातिपुग्गलिक दान भनिन्छ । कुनै एक व्यक्ति वा भिक्षु प्रति श्रद्धाको कारण उक्त भिक्षुको व्यक्तिगत प्रयोगको लागि गरिने दान पातिपुग्गलिक दान हो । त्रिपिटकको मज्झिम निकाय उपरिपण्णासक दक्खिणाविभंग सूत्रानुसार पातिपुग्गलदान १४ प्रकारले दिन सकिन्छ ।

१. सम्यक् बुद्ध
२. प्रत्येक बुद्ध
३. अर्हत फललाभी
४. अर्हत् मार्गमा लागेका
५. अनागामी फललाभी
६. अनागामी मार्गमा लागेका
७. सकृदागामी फल लाभी
८. सकृदागामी मार्गमा लागेका
९. श्रोतापन्न फललाभी
१०. श्रोतापन्न मार्गमा लागेका
११. कामविषयबाट विरत पुग्गल
१२. शीलवान पृथकजन
१३. दुःशील पृथकजन
१४. तिरश्चीन



Downloaded from http://www.dhamma.digital

यस प्रकारको दानमा यदि उक्त व्यक्तिप्रतिको श्रद्धामा फेरबदल भएमा उक्त दानको फलमा कमी आउने वा फलदायी नहुन पनि सक्ने सम्भावना छ । अर्थात् उदाहरणका लागि कुनै एक भिक्षुलाई श्रद्धा भावले दान दिए । कालान्तरमा उक्त भिक्षुको व्यवहारमा परिवर्तन आयो अथवा भिक्षु जीवन छोडेर गृहस्थ भएमा दाताको मन परिवर्तन हुन सक्छ । यस्तो अवस्थामा दाताले दिएको दान पनि जिम्मेवार हुने सम्भावना हुन्छ । यस प्रकारले उक्त दानको फलमा पनि परिवर्तन हुँदैन भन्न सकिदैन । त्यसैले भगवान् बुद्धले संघदानलाई बढी जोड दिनु भएको छ ।

## २. संघदान

चार जना वा सोभन्दा बढी भिक्षुहरूको समूहलाई संघ भनिन्छ । उहाँहरुको नाममा दिइने दानलाई संघदान भनिन्छ । संघको प्रतिनिधिलाई पनि संघदान गर्न सकिन्छ । बुद्ध धर्म अनुसार संघदान ७ प्रकारले गर्न सकिन्छ ।

१. बुद्ध प्रमुख भिक्षु र भिक्षुणी संघ
२. भिक्षु र भिक्षुणी संघ दुवै
३. भिक्षु संघ
४. भिक्षुणी संघ
५. संघको प्रतिनिधि भिक्षु वा भिक्षुणी
६. भिक्षु संघको एक प्रतिनिधि भिक्षु
७. भिक्षुणी संघको एक प्रतिनिधि भिक्षुणी

यी ७ प्रकारका संघदान हुन् । बुद्ध धर्ममा संघदानको महिमा र फलानिसंसको विस्तृत व्याख्या छ । संघदान कुनै व्यक्तिगत दान नभएको हुँदा दान पश्चात कुनै प्रकारको फेरबदलबाट दानदाताको चेतनामा धक्का लाग्ने छैन । "संघे दिन्नं, महाप्फलं" संघलाई दिनु महाफल हो भनेर भगवान बुद्धले भन्नु भएको छ । शुद्धचेतनाले समूहलाई दिएको दानको फल बढी हुनु स्वभाविक नै हो ।



Downloaded from http://www.dhamma.digital

दानको फल बढी हुन्छ भन्दैमा जथाभावी दान दिनु हुँदैन । दान कसरी गर्नुपर्दछ त भन्ने विषयमा भगवान् बुद्धले त्रिपिटकको अंगुत्तर निकायको दान सुत्रमा मानिसले ८ प्रकारले दान दिने गर्छन् भन्नुभएको छ । ती हुन् :

१. अनाशक्त भावले दान दिनु
२. डरको भावले दान दिनु
३. गुणको बदलामा दान दिनु
४. केही पाउनेछु भनी दान दिनु
५. राम्रो कामको रूपमा दान दिनु
६. आफूसँग प्रशस्त भएर नहुनेलाई दान दिनु
७. यश कीर्ति बढ्ने आशले दान दिनु
८. चित्तलाई शुद्ध बनाउने चेतनाले दान दिनु

यसबाट के स्पष्ट हुन्छ भने हामी दान दिंदा कुनै न कुनै इच्छा र आकांक्षाहरू मनमा राखेर दान दिने गर्छौं । चाहे त्यो वस्तुको लागि होस् या यशकीर्तिका लागि होस् वा चित्तशुद्धिका लागि, दान दिंदा धनसम्पत्ति लाभ हुने, सुन्दर शरीर हुने अथवा मरणपछि स्वर्गवास हुने आशा, इच्छा र आकांक्षाले दान गर्ने गरिन्छ । दान नदिंदा गाली गर्ने हो कि भन्ने डरको कारणले पनि दान गर्ने गरिन्छ । त्यसैगरी मनमा रहेको मल वा क्लेश रूपी राग, द्वेष र मोहलाई कम गर्दै चित्त शुद्ध गरी ध्यान भावनालाई विकास गर्नको लागि पनि दान दिईन्छ ।

जसले दान गर्दछ उसको मन प्रफूल्लित भएको हुन्छ । मन शान्त, सहनशील र शिष्ट व्यवहारको हुनेछ । दान दिने मानिसको मनमात्र प्रफुल्लित नभई दान लिने व्यक्तिको मन पनि शान्त र खुशी बनाउने गर्दछ । तर लिनेलाई भन्दा दिनेलाई सुख बृद्धि हुनेछ । त्यसैले भगवान् बुद्धले कहिले अभ्यस्त नभएको मनलाई एकाग्रमा राख्ने प्रयत्न गर्नु नै एक किसिमको दान हो भन्नुभएको छ । त्यसकारण माथि उल्लेखित दानहरू मध्ये चित्त शुद्ध बनाउने दानलाई उच्च छ भन्नुभएको छ ।



Downloaded from http://www.dhamma.digital

त्यसैगरी भगवान् बुद्धले मानिसहरूले दान किन दिन्छन् भनि दानवत्थु सूत्रमा उहाँले मानिसहरू कोही कोही मन परेको कारण दान दिन्छन्, कोही कसैले सोधेको कारण, मोहको कारण, भयको कारण, परम्पराको कारण, स्वर्गवासको कारण, चित्त शुद्धिको लागि साथै चित्त एकाग्रको लागि दान दिने गर्दछन् भनी भन्नुभएको छ । साथै श्वेत सूत्रमा पनि यस्तै किसिमले दान दिने र गर्ने विषयमा व्याख्या पाइन्छ । यदि हामीले यी विभिन्न किसिमका दानका प्रकारहरूलाई नियालेर हेर्ने हो भने आफ्नो इच्छा आकांक्षा पूरा होस् भनि देवतालाई पूजा गर्नु पनि यस भित्रको एक हुन आउँछ । यो पुकारबाट हुने आनिसंस हामीले गरेको दानको प्रभावले हो । कुनै देवी देवताको प्रभावले अवश्य पनि हुन सक्दैन । तर हामी उहाँहरूको अनुकम्पाले गर्दा भएको हो भन्ने ठान्छौं । हामी मानिसहरूबीच भेद्भाव, उच्च-नीच, दरिद्र, अल्पायु, धनी, गरीब आदि हुने ईश्वरको वरदान होइन यो त हामी आफैले गरेको कर्मको विपाक वा फल हो । यहाँ कारण र कार्यले ठूलो स्थान ओगटेको छ । यसको विषयमा एकपटक तोदेय्य ब्राह्मणका छोरा शुभ माणवले भगवान् बुद्धलाई मानिसहरू किन समान छैनन् भनि सोध्दा उहाँले दुई लक्षणाहरूको कारणबाट हुन्छ भन्नु भएको थियो । ती हुन् :

१. अतित जन्ममा दान धर्म गरी पुण्य सञ्चय नगर्नु

२. यस जन्मलाई सम्पन्न गर्न नसक्नु

पहिले संचित नभएको र अहिले पनि आफ्नो शील्प प्रयोग गरी सञ्चय गर्न नसक्नु वा दिट्ठधम्मिकत्थपयोग धर्मलाई नबुझ्नु र नराम्रो बाटोमा लाग्नुको कारण भन्नु भएको छ ।

आज गर्मी छ, जाडो छ, पानी गरेको छ, पछि गरौंला आदि बहानाहरू बनाएर आफूले गर्नुपर्ने कार्यलाई समयमा नै गर्न सकेनौं भने त्यसको फल भविष्यमा अवनति बाहेक उन्नति असम्भव नै छ । पुरानो कर्मको फल त यो जन्ममा भोग सम्पत्तिले पूर्ण हुन सक्ला तर विवेक बुद्धिविहिन भएर प्रमादिपूर्वक जीवन बिताउन थाल्छ भने भलो हुने संकेत देखिदैन र विनासका कारण अवश्य हुन्छ ।



Downloaded from http://www.dhamma.digital

# दानको फल

यो संसारमा कोही गरीबको कुलमा जन्म लिन्छन् त कोही धनीको कुलमा जन्म लिन्छन् । कोही जति दुःख कष्ट गरी काम गरे पनि अरूजस्तै धनी बन्न सक्दैनन् । जति प्रयास गरे पनि व्यापारमा, काममा उन्नति र प्रगतिको सट्टामा अवनति र समस्याहरुको सामना गर्नु पर्ने हुन्छ । भगवान बुद्धले चुलकम्मविभङ्ग सुत्रमा प्रष्ट रूपमा यस विषयमा बताउनु भएको छ ।

यस सुत्रका अनुसार तोदेय्य भन्ने एक जना ब्राह्मण थिए । ऊ धेरै नै कन्जुस थिए । धेरै कन्जुस भएको कारण मृत्यु पश्चात कुकुर भएर जन्म लिनु परेको थियो । आफ्नो बुबा कुकुर भएर आफ्नै घरमा बसेको कुरा ब्राह्मणका पुत्र शुभमाणवले थाहा पाएपछि ऊ धेरै दुःखी भए । ब्राह्मणले मृत्यु अगाडि जस्तो जस्तो क्रियाकलापहरू गर्थ्यो त्यही क्रियाकलाप त्यो कुकुरले पनि गरेर देखाउँथ्यो । पुरोहित ब्राह्मणाले गाडेर राखेका धनका घडाहरूलाई त्यो कुकुरले पत्ता लगाएका थिए । यसबाट के प्रष्ट हुन्छ भने जन्म मरण वा पुर्नजन्म छ । ब्राह्मणहरूले शुभमाणवका बुबा ब्रह्मलोकमा जानेछ भनेर भविष्यवाणी गरेका थिए । तर ती ब्राह्मणहरूको भविष्यवाणी अनुसार ब्रह्मलोकमा जन्मनु पर्नेमा आफ्नो बुबा कुकुर भएर जन्मियो । आफ्नो मन विचलित भएका कारण ती शुभमाणवले भगवान बुद्ध बस्नु भएको ठाउँमा गएर कोही मानिसको आयु धेरै छ, कोहीको आयु कम छ, कोही रोगले ग्रस्त छन्, कोही निरोगी छन्, कोही गरीब छ, कोही धनी छ, कसैको शरीर राम्रो छ, कसैको शरीर नराम्रो छ, कोही राम्रो कुलमा जन्म लिन्छन्, कोही नराम्रो कुलमा जन्म लिन्छन्, कोही चलाख छ, कोही लाटो छ आदि १४ प्रकारका कर्म र कर्मफलको विषयमा सोधेका थिए । आखिर यो संसारमा पनि यस्तो भईरहेको छ । भगवान बुद्धले शुभमाणवलाई “यो सबै कर्मको फल हो त्यसैले समान छैन” भन्नु भएको थियो । “सत्त्वहरूको कर्म नै आफ्नो हुन्छ (-कम्मस्सका), कर्म नै आफ्नो अंश लिने अंशियार हुन्छ



Downloaded from http://www.dhamma.digital

(–कम्मदायादा) । कर्म नै आफ्नो अर्को जुनी वा योनि हुन्छ (–कम्मयोनी), आफ्नो कर्म नै आफ्नो बन्धु हुन्छ (–कम्मबन्धु), आफ्नै कर्ममा प्रतिशरण हुन्छ (–कम्मपटिसरण)। कर्मले नै सत्त्वहरूलाई उच्चता र नीचतामा विभाजित गर्दछ (–कम्मं सत्ते विभजति यदिदं हीनप्पणीत्ताय)" (म. चूलकम्म विभङ्ग सूत्र ८२४–८२७) ।

त्यसकारण बुद्धधर्मानुसार यो जन्ममा धनी गरीब हुने कारण नै आफूले गरेको दानपुण्य हो । यो शुभमाणवको जीवनीको मूल आशय नै आफूले गरेको कर्मफल अनुसार हामीहरू यस परिस्थितिमा हुने रहेछौं भन्ने शिक्षा दिनु हो । त्यसैले भगवान् बुद्धले दान पुण्यको व्याख्या गर्नु भएको थियो । अंगुत्तर निकाय दानानिसंस सुत्रमा भगवान बुद्धले दान गर्नाले ५ प्रकारका फलहरू पाउनेछ भनी उल्लेख गर्नु भएको छ । ती हुन् :

१) दान दिनेलाई धेरैले मन पराउँछन्
२) सच्च वा असल व्यक्तिहरू दान दिनेहरूको संगत गर्न रूचाउँछन
३) दान दिनेको यशकीर्ति फैलन्छ
४) शीलमा प्रतिष्ठित हुन्छ, भोग सम्पत्ति लाभ हुनेछ ।
५) यस लोकबाट बितेर गएमा स्वर्गवास पाउनेछ ।

त्यसैगरी सीहसुत्रमा पनि दानको आनिसंसको बारेमा विस्तृतरूपमा बताउनु भएको छ । यस सुत्रमा सीहसेनापतिले भगवान् बुद्धलाई दानानिसंस यही पच्पुपन्न (वर्तमान) कालमा पाउन सक्छ कि ? भन्ने प्रश्नको उत्तरमा ५ प्रकारको फललाई नै वयान गर्नु भएको थियो । यस सुत्रमा सीहसेनापतिले चार प्रकारको फललाई त माने तर पाँचौ फललाई मानेको थिएन । थाहा नभएको कारण भगवान बुद्धको कुरामा विश्वास गरेको बेलामा उहाँले पुनः सीहसेनापतिलाई अवश्य नै स्वर्गवास हुनेछ भनी भन्नुभएको थियो । त्यसैगरी भोजनदान सुत्रमा भोजनदानको फलमा पनि ५ प्रकारले आयु, वर्ण, सुख, बल र दिव्य शक्तिहरूको आनिसंसलाई गाथामा यसरी बताउनु भएको छ ।



Downloaded from http://www.dhamma.digital

गाथा यस प्रकार छ –

**"आयुदो बलदो धीरो वण्णदो पटिभाणदो**
**सुखस्स दाता मेधावी सुखं सो अधिगच्छति**
**आयुं दत्वा बलं वण्णं सुखञ्च पटिभाणदो**
**दीघायु यस्वा होति यत्थ यत्थूप्पज्जीति"**

कुनै दानको फल कम र कुनै दानको फल धेरै किन हुन्छ भनि वेलाम सुत्रमा व्याख्या गरिएको छ । यस विषयमा भगवानले श्रद्धामा शुद्धि वा सच्चा श्रद्धा नभएको कारण यस्तो भएको भन्नुभएको छ । दान दिने दाताहरू विभिन्न प्रकारले दान दिने गर्दछन् । जसरी राम्ररी खनेर राम्रो मल राखेको खेतमा बीऊ रोपेमा राम्रो फल प्राप्त हुन्छ । त्यसैगरी यी तीन गुण धर्मले युक्त दान शुद्धचित्त, शुद्धवस्तु र शुद्धप्रतिग्राहकलाई दिएको दानको फल पनि महान हुन्छ । दानको महिमा महान भएको कारण तीन पुण्यक्रिया वस्तुहरूमा पनि यो दानलाई अग्रस्थानमै राखिएको छ भने शील र भावनालाई क्रमशः दोश्रो र तेश्रो स्थानमा राखेको छ । अर्को शब्दमा भन्ने हो भने सत्त्पुरूषलाई दिईएको दानको फल अवश्य नै सुखदायक हुन्छ । सुत्रपिटकमा दानको महिमाको विषयमा यसको फल वा विपाकमा धेरै नै वर्णन भएको पाइन्छ । त्यसैगरी विमानवत्थु र पेतवत्थुमा पनि दानको महिमालाई महत्त्वपूर्ण स्थान दिएको देखिन्छ ।

दान दिंदा हाम्रो मन सधैं आनन्दित एवम् हँसिलो मुहारको हुनेछ । हामीमा लोभ द्वेष हराउँछ । आफूसँग भएको धनसम्पत्तिमा रमाउँछ । सबैको अगाडि आफूले बाटो देखेको भैं लाग्नेछ । दान दिने व्यक्तिलाई कसैले क्रोध तथा दुःख दिन खोज्दैन किनकी दानको प्रभाव नै मैत्री चित्त हो । मैत्री चित्त नै सबैलाई समान र सबैसँग मिलेर बस्ने सरल उपाय हो । हामीमा एक किसिमको धन बृद्धि गर्न सहयोग पुऱ्याउने शक्ति उत्पन्न हुन्छ । जो व्यक्तिसँग लोभ धेरै छ, त्यससँग धन कम हुनेछ । ठीक उल्टो जो व्यक्तिमा लोभ छैन, त्यससँग धनको खानी हुन्छ । यसैकारण भगवान् बुद्धले दानको विषयमा



Downloaded from http://www.dhamma.digital

विभिन्न सुत्रहरूमा व्याख्या गर्नु भएको छ । विशेष गरेर दानको विषयमा खुद्दक निकाय अन्तर्गतका जातकहरूमा पाइन्छ । जस्तैः खुद्दक निकाय जातक (सत्तक, अट्ठक), थेरी अपदान, पेटवत्थु, संयुक्त निकाय अंगुत्तर निकाय, दक्खिणाविभंग सुत्र आदि । अंगुत्तर निकाय III, पृ. १९९ दानमहप्फल सूत्रमा पनि भगवान बुद्धले भिक्षु सारिपुत्रलाई भन्नु हुन्छ –

> "सारिपुत्र, जसले सोपक्षी भएर दान दिन्छ र प्रतिवद्ध चित्त लिई दान दिन्छ, त्यस्तो पुरुष (मरण पश्चात) चार्तुमहाराजिक देवलोकमा उत्पन्न हुनेछ ।"

त्यसकारण दानको महिमालाई राम्ररी बुझेर दैनिक जीवनमा अभ्यास गर्न सक्यौं भने आफ्नो मात्र आयु वर्ण र सुखको बृद्धि नभई घर परिवार र समाजको पनि विकास, शान्ति र सुरक्षा हुनेछ । साथसाथै मोह घट्दै शीलको अभ्यास र प्रज्ञाको विकाससँगै दुःख मुक्तिको बाटो आर्यमार्ग फलदायी भई सदाको लागि परम सुख भोगी हुन सक्नेछ । त्यसैले दुःख मुक्तिको मार्ग मध्ये पहिलो युद्ध किलाको रूपमा दानलाई लिन सकिन्छ ।

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# दान र यज्ञको फल

दानमा प्रातिगाहक र दान दाताहरुको विषयमा भिक्षु तथा भिक्षुसंघलाई दिएको दानको फल महान हुन्छ भनेर भन्नुभएको देखिन्छ। उदाहरणको लागि शक्रदेवेन्द्रको दान र होम यज्ञको फलको विषयमा प्रस्तुत कथा विचारणीय छ ।

सक्कुदान सुत्तका अनुसार पिप्पलि गुफामा एक सप्ताहसम्म समापत्ति ध्यान भावना पश्चात भिक्षार्थको लागि राजगृहमा प्रवेश गुर्नु हुँदा ५०० जना देवताहरूले भिक्षु महाकाश्यपलाई भिक्षा दिन उत्सुक भएका थिए । उनीहरुको भिक्षालाई भिक्षु महाकाश्यपले मनुष्यहरुलाई पुण्यभागीको कारणगरी प्रतिक्षेपन गर्नु भएको थियो । त्यसरी भिक्षु महाकाश्यपले प्रतिक्षेपन गरेको कारण शक्रदेवेन्द्र एक गरीबको भेष धारण गरी भिक्षु महाकाश्यपलाई दान दिनको लागि एउटा उचित स्थानमा पर्खेर बस्नु भयो । भिक्षु महाकाश्यपलाई भिक्षाटन दिँदा भिक्षु महाकाश्यपले भिक्षा ग्रहण पश्चात शक्रदेवेन्द्रलाई यस्तो आज्ञा गर्नुभयो – "तिमीले गरेको पुण्यको फल तिमीलाई मिल्नेछ । अहिले जे गऱ्यौ भईहाल्यो । आईन्दा फेरी यस्तो नगर ।"

भिक्षु महाकाश्यपले आफ्नो भिक्षादान ग्रहण गर्नु भएपछि शक्रदेवेन्द्र आकाशमा नै तीन पटकसम्म "अहोदान, परम दान" भनेर उद्‌गार गर्नुभएको थियो । त्यसैगरी एक समयमा भगवान बुद्ध राजगृहको गृद्धकुट पर्वतमा बस्नु भएको बेलामा शक्रदेवेन्द्रले अभिवादन गरी दानको महान फलको विषयमा यसरी सोध्नुभयो–

**यजमानं मनुस्सानं, पुञ्यपेक्खानं पाणिनं ।**

**करोतं ओप्पधिकं पुञ्यं, कत्थदिन्नं महप्फलं'ति ।।** (स.नि.१, पृ.२३४)

अर्थात्, यज्ञ गर्ने मानिसहरूलाई, पुण्यको आशा गर्ने प्राणीहरूलाई तथा अर्को जन्ममा समेत फल दिने पुण्य (ओपधिक पुण्य) गर्नेलाई कहाँ दान दिँदा महाप्फलदायी हुन्छ ।



Downloaded from http://www.dhamma.digital

शक्रदेवेन्द्रको उक्त प्रश्नको उत्तरमा भगवान बुद्धले यसरी आज्ञा गर्नुभयो – यज्ञ गर्ने मानिसहरूलाई, पुण्यको आशा राख्ने प्राणीहरूलाई तथा ओपधिक पुण्य गर्नेलाई संघमा दान दिनु नै महाप्फलदायी हुन्छ ।

अर्थकथा अनुसार शक्रदेवेन्द्रले महाप्फलदायी दानको विषयमा प्रश्न गर्नुको कारण यसरी व्याख्यान गरिएको छ । अतितकालमा मानिसहरू वर्षको एक चोटी महाब्रह्मको नाममा होम यज्ञ गर्ने चलन थियो । उक्त होम यज्ञमा विभिन्न प्रकारका दाउरा बालेर, शुद्ध घ्यू, मह, मधु आदिबाट यज्ञ गर्दथ्यो । उनीहरूमा होम यज्ञ गर्दा धेरै फल पाउँछ भन्ने विश्वास थियो । एक पटक उनीहरूको होम यज्ञ कार्य विफल नहोस् भन्ने आशाले शक्रदेवेन्द्र आकाशमा प्रकट भई "तिमीहरूले बेकारमा यो आगोमा यी वस्तुहरू जलाई ब्रह्मालाई दान दिने भनेर होम गरिराखेका छौ । साँच्चै दान गर्दा कस्तो फल पाउने छ भनेर राजगृहको विहारमा विराजमान हुनुभएका भगवान बुद्ध सहित भिक्षुसंघलाई दान दिंदा त्यो दान नै महाप्फलदायी दान हुनेछ" भनेर उनीहरूलाई सम्झाई सबैलाई साथमा लिएर भगवान बुद्धको अगाडि गएर त्यो दानको महाप्फलको विषयमा शक्रदेवेन्द्रले प्रश्न गरेका थिए ।

यसरी शुद्ध चेतनाले दिएको शुद्ध वस्तु शुद्ध पुद्गल अर्थात् भिक्षु तथा भिक्षुसंघलाई दिएको दानको फल महान हुने कुरा यो उदाहरणले प्रष्ट देखिन्छ । त्यसैगरी दानको फलानिसंसमा वस्तु शुद्धता, चेतना शुद्धता र पुद्गल शुद्धतामा पनि भरपर्ने गर्दछ । विशेषतः दानदाताको वस्तु र चेतनाले प्रमुख भूमिका खेलेको हुन्छ । शुद्ध वस्तु र शुद्ध चेतनाले एक नक्कली भिक्षुलाई दान दिएर मरण पश्चात स्वर्गावास भएको तर शुद्ध वस्तु छ, दान लिने व्यक्ति पनि शुद्ध पुद्गल हुनुहुन्छ, तर चेतनामा खोट भएर मरण पश्चात अपाय दुर्गतिमा जन्मलिनु परेको उदाहरणहरू पनि ग्रन्थमा उल्लेख भएका छन् ।



Downloaded from http://www.dhamma.digital

# दक्खिणाविभङ्ग सुत्त

## क. ब्यक्तिगत दान भन्दा संघदान ठूलो

एक समय भगवान बुद्ध शाक्यहरूको जनपदको कपिलवस्तुस्थित निग्रोधाराम विहारमा बसिरहनु भएको थियो । अनि महाप्रजापति गौतमी एक जोर नयाँ कपडा लिई भगवान बस्नु भएको स्थानमा गएर उहाँलाई अभिवादन गरी यस्तो बिन्ती गर्नुभयो, "भन्ते, यो मेरो एक जोर नयाँ कपडा भगवानका लागी मैले नै धागो काटेर, मैले नै बुनेकी हुँ । भन्ते, अनुकम्पा राखी यो कपडालाई स्वीकार गर्नुहोस् ।"

भगवानले भन्नुभयो : "गौतमी, त्यो संघलाई दान दिनुहोस्, संघलाई दिंदा म पनि पूजित हुनेछु र संघ पनि हुनेछ ।"

दोश्रो र तेश्रो पटक पनि महाप्रजापतिले भगवानसँग स्वीकार गर्नका लागी प्रार्थना गर्नुभयो तर भगवानले पनि उहाँलाई त्यही जवाफ दिनुभयो ।

यसरी भगवानले दिनु भएको जवाफ सुनेर महाप्रजापति गौतमी दुखी भईन् । आयुष्मान भिक्षु आनन्दले भगवानलाई बिन्ती गर्नुभयो : "भन्ते, महाप्रजापति गौतमीको एक जोर नयाँ कपडा भगवानले स्वीकार गर्नुहोस् । उहाँ तपाईंको सानी आमा एवं भगवानको बहुपकारी हुनुहुन्छ । भगवानलाई उहाँले नै पालन-पोषण गर्नुभयो र दूध पिलाउनु भयो तथा तपाईको आमा स्वर्गवास हुनुभएपछि उहाँले नै तपाईको लालन-पालन गर्नुभयो । भगवान तपाईंको अगाडि आएरै उहाँ बुद्ध, धर्म र संघको शरणमा जानु भयो । पञ्चशीलमा प्रतिष्ठित हुनुभयो । तपाईं कै अगाडि आर्यकान्त शीलले युक्त भई बुद्ध, धर्म र संघको उत्कृष्ट प्रसन्नताले सम्पन्न हुनुभयो । दु:ख, दु:ख समुदय र निरोधमा नि:शङ्की हुनुभयो । उहाँले आफ्नो श्रद्धाले त्यो एकजोर कपडालाई दान दिदै हुनु हुन्छ ।"

भगवान भन्नुहुन्छ : "आयुस्मान आनन्द, त्यस्तै हो । जो पुरुष जुन



Downloaded from http://www.dhamma.digital

पुरुषकहाँ आई बुद्धको शरणमा जान्छ, त्यसले यस पुरुषलाई अभिवादन, प्रत्युत्थान, अञ्जलीकर्म, सामीचिकर्म अथवा चीवर, भोजन, शयनासन र गिलानप्रत्यय परिष्कारहरूको प्रदानद्वारा सुप्रतिकार गर्न सक्छ भनी भन्दिन ।"

आनन्द, त्यस्तै हो । जो पुरुष जुन पुरुषकहाँ आई पञ्चशील पालन गर्दछ । त्यसले यस पुरुषलाई अभिवादन, ... र गिलानप्रत्यय परिष्कारहरूको प्रदानद्वारा सुप्रतिकार गर्न सक्छ भनी भन्दिन ।

आनन्द, त्यस्तै हो । जो पुरुष जुन पुरुषकहाँ आई आर्यकान्त शीलले युक्त भई बुद्ध, धर्म र संघ प्रति उत्कृष्ट प्रसन्नताले सम्पन्न हुन्छ । त्यसले यस पुरुषलाई अभिवादन, .... र गिलानप्रत्यय परिष्कारहरूको प्रदानद्वारा सुप्रतिकार गर्न सक्छ भनी भन्दिन ।

आनन्द, त्यस्तै हो । जो पुरुष जुन पुरुषकहाँ आई दु:ख, समुदय, निरोध र मार्ग मानि नि:शङ्की हुन्छ । त्यसले यस पुरुषलाई अभिवादन, ........... र गिलानप्रत्यय परिष्कारहरूको प्रदानद्वारा सुप्रतिकार गर्न सक्छ भनी भन्दिन ।

## अ. पातिपुग्गलदान

आनन्द, पातिपुग्गलदान १४ प्रकारका व्यक्तिलाई दिन सकिन्छ ।

१. सम्यक् बुद्ध
२. प्रत्येक बुद्ध
३. अर्हत फललाभी
४. अर्हत् मार्गमा लागेका
५. अनागामी फललाभी
६. अनागामी मार्गमा लागेका
७. सकृदागामी फल लाभी
८. सकृदागामी मार्गमा लागेका
९. श्रोतापन्न फललाभी
१०. श्रोतापन्न मार्गमा लागेका
११. कामविषयबाट विरत पुग्गल
१२. शीलवान पृथकजन
१३. दु:शील पृथकजन
१४. तिरश्चीनसंघदान

## आ. संघदान ७ प्रकारका छन ।

१. बुद्ध प्रमुख भिक्षु र भिक्षुणी संघ
२. भिक्षु र भिक्षुणी संघ दुवै
३. भिक्षु संघ
४. भिक्षुणी संघ



Downloaded from http://www.dhamma.digital

५. संघको प्रतिनिधि भिक्षु र भिक्षुणी ६. भिक्षु संघको एक प्रतिनिधि भिक्षु
७. भिक्षुणी संघको एक प्रतिनिधि भिक्षुणी

## ख. चार विशुद्धिका चार कारणहरू

आनन्द, दान विशुद्धिका चार कारणहरू छन् ।

१. दायकबाट दान विशुद्धि हुन्छ तर प्रतिग्राहकबाट हुदैन ।
आनन्द, यहाँ दायक हुने शीलवान कल्याणधर्मी हुन्छ, प्रतिग्राहक भने दुःशील हुन्छ ।

२. प्रतिग्राहकबाट दान विशद्धि हुन्छ तर दायकबाट हुदैन्
आनन्द, यहाँ प्रतिग्राहक हुने शीलवान तर दायक भने दुःशील हुन्छ ।

३. दायकबाट पनि प्रतिग्राहकबाट पनि दान विशुद्धि हुदैन
आनन्द, यहाँ दुबै जना दुःशील र पापधर्मी हुन्छ ।

४. दायकबाट पनि प्रतिग्राहकबाट पनि दान विशद्धि हुन्छ ।
आनन्द, यहाँ दुबै शीलवान र कल्याणधर्मी हुन्छ । भगवान फेरी भन्नुहुन्छ,

सुप्रसन्न चित्त राखी, उदार कर्मफलमा विश्वास गरी, धर्मपुर्वक लाभ गरेको वस्तु, जो शीलवानले दुःशीललाई दान दिन्छ त्यो दान दायकका तर्फबाट विशुद्ध हुन्छ ।

अप्रसन्न चित्त राखी, उदार कर्मफलमा विश्वास नगरी, अधर्म पुर्वक लाभ गरेको वस्तु, जो दुःशीलले शीलवानलाई दान दिन्छ त्यो दान पतिगाहकका तर्फबाट विशुद्ध हुन्छ ।

अप्रसन्न चित्त, उदार कर्मफलमा विश्वास नगरी, अधर्मपूर्वक लाभ गरेको वस्तु, जो दुःशीलले दुःशीललाई दान दिन्छ त्यो दान विपुलफलदायी हुदैन ।

प्रसन्न चित्त राखी, उदार कर्मफलमा विश्वास गरी, धर्म पुर्वक लाभ गरेको वस्तु, जो शीलवानले शीलवानलाई दान दिन्छ त्यो दान विपुलफलदायी हुन्छ भनी भन्छु ।

प्रसन्न चित्त राखी, उदार कर्मफलमा विश्वास गरी, धर्म पुर्वक लाभ गरेको वस्तु, जो एउटा वीटरागीले अर्को वीतरागीलाई दान दिन्छ , त्यो दान नै आमिसदानहरू मध्येमा श्रेष्ठ हुन्छ ।



Downloaded from http://www.dhamma.digital

# दान दिंदा बोलिने वाक्यहरू

## थाई बौद्ध परम्परा अनुसार दान गर्दा बोलिने वाक्यहरू:

**नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स (तीन पटक)**

इमानि मयं भन्ते, दान वत्थुनि सपरिवारानि भिक्खुसंघस्स ओनोजयाम, साधु नो भन्ते भिक्खुसंघो, इमानि दान वत्थुनि सपरिवारानि पटिग्गणहातु अम्हाकं दीघारत्तं हिताय सुखाय ।

अर्थ, आदरणीय भन्ते संघ, हामीहरूले भिक्षुसंघलाई सश्रद्धा दानका सामानहरू सहित अरू वस्तुहरू पनि चढाउँदैछु । हामीहरूको हित, सुख र समृद्धिको लागी कृपया तपाईंहरूले यो हाम्रो दानलाई ग्रहण गरी दिनुहोस् ।

## संघलाई भोजनदान दिंदा

**नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स (तीन पटक)**

इमानि मयं भन्ते, भत्तानि सपरिवारानि भिक्खुसंघस्स ओनोजयाम, साधु नो भन्ते भिक्खुसंघो, इमानि भत्तानि सपरिवारानि पटिग्गणहातु अम्हाकं दीघारत्तं हिताय सुखाय ।

अर्थ, आदरणीय भन्ते संघ, हामीहरूले भिक्षुसंघलाई सश्रद्धा भोजन सहित अरू ब्यञ्जनहरू पनि चढाउँदैछु । हामीहरूको हित, सुख र समृद्धिको लागी कृपया तपाईंहरूले यो हाम्रो भोजन दानलाई ग्रहण गरी दिनुहोस् ।

**नेपालमा दान गर्दा गरिने वाक्य –**

इमं भिक्खं भिक्खुसंघस्स देम । (तीन पटक)
इदं मे पुञ्ञं आसवक्खया वहं होतु ।
इदं मे पुञ्ञं निब्बानस्स पच्चयो होतु ।।
इदं मे पुञ्ञं सब्बे सत्ता अनुमोदन्तु ।।।

अर्थ, यो भोजन दान हामीहरू सबैले भिक्षुसंघलाई दान दिंदैछौं । यो पुण्यको प्रभावले सबै आश्रव क्षय होस् । निर्वाणको प्रत्यय बनोस् । सबै सत्त्वले अनुमोदन गरून् ।



Downloaded from http://www.dhamma.digital

**नेपालमा अष्टपरिक्खार दान गर्दा गरिने वाक्य -**

इमं भिक्खं सअट्ठपरिक्खारं भिक्खुसंघस्स देम । दुतियम्पि इमं भिक्खं सअट्ठपरिक्खारं भिक्खुसंघस्स देम । ततियम्पि इमं भिक्खं सअट्ठपरिक्खारं भिक्खुसंघस्स देम ।

इदं मे पुञ्ञं आसवक्खया वहं होतु ।

इदं मे पुञ्ञं निब्बानस्स पच्चयो होतु ।।

इदं मे पुञ्ञं सब्बे सत्ता अनुमोदन्तु ।।।

अर्थ, यो भोजन एवं अष्टपरिस्कारहरू सहित हामीहरू सबैले भिक्षुसंघलाई दान दिदैछौं । दोश्रो र तेश्रो पटक पनि यो भोजन एवं अष्टपरिस्कारहरू सहित हामीहरू सबैले भिक्षुसंघलाई दान दिदैछौं । यो पुण्यको प्रभावले सबै आश्रव क्षय होस् । निर्वाणको प्रत्यय बनोस् । सबै सत्त्वले अनुमोदन गरून् ।

## त्रिचीवर दान गर्दा

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स (तीन पटक)

इमानि मयं भन्ते, तिचीवरानि सपरिवारानि भिक्खुसंघस्स ओनोजयाम, साधु नो भन्ते भिक्खुसंघो, इमानि तिचीवरानि सपरिवारानि पटिग्गणहातु अम्हाकं दीघारत्तं हिताय सुखाय ।

अर्थ, आदरणीय भन्ते संघ, हामीहरूले भिक्षुसंघलाई त्रिचीवर सहित अरू ब्यञ्जनहरू पनि चढाउँदैछौं । हामीहरूको हित, सुख र समृद्धिको लागी कृपया तपाईंहरूले यो हाम्रो त्रिचीवर सहित अरू ब्यञ्जन दानलाई ग्रहण गरी दिनुहोस् ।

## पांसुकुल दान दिंदा

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स (तीन पटक)

इमानि मयं भन्ते, पंसुकुलचीवरानि सपरिवारानि भिक्खुसंघस्स ओनोजयाम, साधु नो भन्ते भिक्खुसंघो, इमानि पंसुकुलचीवरानि सपरिवारानि पटिग्गणहातु अम्हाकं दीघारत्तं हिताय सुखाय ।



Downloaded from http://www.dhamma.digital

अर्थ, आदरणीय भन्ते संघ, हामीहरूले भिक्षुसंघलाई सश्रद्धा पंसुकुल सहित अरू ब्यञ्जनहरू पनि चढाउँदैछौं । हामीहरूको हित, सुख र समृद्धिको लागी कृपया तपाईंहरूले यो हाम्रो पंसुकुल चीवर सहित अरू ब्यञ्जन दानलाई ग्रहण गरी दिनुहोस् ।

## संघलाई नुहाउने कपडा दान दिंदा (वर्षावास सरू भएको दिन)

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स (तीन पटक)

इमानि मयं भन्ते, वस्सिक साटिकानि सपरिवारानि भिक्खुसंघस्स ओनोजयाम, साधु नो भन्ते भिक्खुसंघो, इमानि वस्सिक साटिकानि सपरिवारानि पटिग्गणहातु अम्हाकं दीघारत्तं हिताय सुखाय ।

अर्थ, आदरणीय भन्ते संघ, हामीहरूले भिक्षुसंघलाई सश्रद्धा नुहाउने कपडा सहित अरू ब्यञ्जनहरू पनि चढाउँदैछौं । हामीहरूको हित, सुख र समृद्धिको लागी कृपया तपाईंहरूले यो हाम्रो दानलाई ग्रहण गरी दिनुहोस् ।

## कथिन दान दिंदा

थाई बौद्ध परम्परा अनुसार बोलिने वाक्य–

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स (तीन पटक)

इमानि मयं भन्ते, कथिन चीवरं सपरिवारं भिक्खुसंघस्स ओनोजयाम, साधु नो भन्ते भिक्खुसंघो, इमानि कथिन चीवरं सपरिवारं पटिग्गणहातु अम्हाकं दीघारत्तं हिताय सुखाय ।

अर्थ, आदरणीय भन्ते संघ, हामीहरूले भिक्षुसंघलाई सश्रद्धा कथिनचीवर सहित अरू ब्यञ्जनहरू पनि चढाउँदैछौं । हामीहरूको हित, सुख र समृद्धिको लागी कृपया तपाईंहरूले यो हाम्रो कथिन दानलाई ग्रहण गरी दिनुहोस् ।

### नेपाली परम्परा अनुसार बोलिने वाक्य–

इमं कथिन चीवरं भिक्खुसंघस्स देम, कथिनं अत्थरितुं । दुतियम्पि .... ततियम्पि इमं कथिन चीवरं भिक्खुसंघस्स देम, कथिनं अत्थरितुं ।

अर्थ, यो कथिन चीवर हामीहरूले भिक्षुसंघलाई दान दिदैछौं । दोश्रो र तेश्रो पटक यो कथिन चीवर हामीहरूले भिक्षुसंघलाई दान दिदैछौं ।



Downloaded from http://www.dhamma.digital

# दान संक्षिप्त

## दान प्रकार

आमिसदान धर्मदान अभयदान

१. आमिसदान (अलोभ) आफूसँग भएको धनसम्पत्ति अरूको भलो होस् भनी अर्कालाई दिनु । यस कार्यको फलदायी हुन्छ ।

क. बाहिरी भौतिक वस्तु दिनु

ख. भित्र लोभ घटाउनु, क्लेश मुक्त

२. अभयदान (अदोषा) Dhamma.Digital

क. अब्यापाद वितर्क (मैत्री चित्त): व्यापादबाट मुक्त हुने विचार गर्नु, अकुशल नचिताउनु ।

ख. अविहिंसावितर्क (करूणा): अरूलाई दु:ख कष्ट दिनुबाट अलग्ग हुनु ।

३. धर्मदान (अमोह)

क. बाहिर कार्यका लागि: जस्तै बाटो देखाइदिनु, सिकाइ दिनु जसको कारण लोकुत्तर ज्ञान हासिल गर्न सकोस् ।

ख. भित्र आफूलाई: शील समाधिमा प्रतिष्ठित हुन शिक्षा दिक्षाहरू लिनु



Downloaded from http://www.dhamma.digital

## दान दिंदा हुनु पर्ने शुद्धता

- चित्त शुद्धता
- वस्तु शुद्धता
- पुद्गल शुद्धता
  - दायक (दान दिने)
  - प्रतिग्राहक (दान लिने)

## दानको प्रकार

- संघ दान
- पातिपुग्गलिक दान



Downloaded from http://www.dhamma.digital

# तीन पुण्यक्रियावत्थु

## १. दानको प्रकार

### क. आमिसदान (अलोभ)

आफूसँग भएको धन सम्पत्ति, जस्तै ४ प्रत्यय वस्तुहरू अथवा कुनै पनि वस्तु दिनु जसले अर्काको भलो होस् । जुन कार्य फल(आनिसंस) यी प्रत्ययहरूबाट हुन्छ ।

अ. बाहिरी : भौतिक वस्तु दिनु

आ. भित्र : लोभ घटाउनु, क्लेश त्याग्नु

### ख. अभयदान (अदोष)

क. अब्यापाद वितर्क (मैत्रीचित्त): ब्यापादबाट मुक्तहुने विचार मैत्रीचित्तले विचार गर्नु, उत्तेजनारहित हुनु वा अकुशल नचिताउनु ।

ख. अविहिंसावितर्क (करूणा): अर्कालाई दुःख कष्ट दिनेबाट अलग हुने विचार, करूणापूर्ण विचार गर्नु, अर्कालाई दुःख दिने नसोच्नु, नगर्नु ।

अ. बाहिर क्षमा दिनुः काय, बचन र मनले चोट पार्ने, हानी–नोक्सानी पुऱ्याउने कुभलो गर्ने सम्पूर्ण सत्वलाई माफ गर्नु ।

आ. भित्र आफैलाई माफ गर्नु :

आफुले काय, बचन र मनले गरी आएको अकुशल कर्ममा दोषदेखि आफुले गरेको कामलाई महसुस गर्नु र दत्तचित्त भई ती अकुशल कार्यबाट अलग्ग हुनु ।

### ग. धर्मदान (अमोह)

क. बाहिर : अर्काका लागि जस्तै–देखाइदिनु, सिकाईदिनु जसले गर्दा लौकिक र लोकुत्तर ज्ञान लाभ गर्न सकोस् ।



Downloaded from http://www.dhamma.digital

ख. भित्र : आफुलाई वा आफ्नो लागि जस्तै शील, समाधि र प्रज्ञा यी तीन शिक्षाको अध्ययन तथा अभ्यास गर्नु ।

## २. दानको तह (स्थान)

क. दासदान (दासको रूपमा दान दिनु)

ख. सहायदान (मित्रको रूपमा दान दिनु)

ग. सामीदान (दानको मालिक हुनु)

## ३. दान दिंदा हुनुपर्ने शुद्धता

### १. चित्तसम्पत्ति (चित्तशद्धता)

क. दिनु अगाडि श्रद्धा पूर्ण छ, कुशल चित्त मन प्रसन्न छ ।

ख. दिएको बेला कुशल चित्त ।

ग. दिइसकेपछि हर्षित कुशल चित्त ।

### २. वस्तु शुद्धता (वस्तुको लक्षण)

क. लिने व्यक्तिलाई प्रयोजन युक्त हुनु

ख. लिनेको आवश्यकतामा पूर्ति वस्तु हुनु ।

ग. धार्मिक रूपमा पाएको वस्तु दिएको हुनु ।

### ३. दायक शुद्धता, दान दिने व्यक्ति (दायकको लक्षण)

क. दायक शुद्ध शीलमा प्रतिस्थित र कल्याण धर्मले युक्त हुनु

ख. दुशील, पाप धर्मले युक्त दायक हुनु ।

## ४. पतिगाहक शुद्धता दान लिने व्यक्ति

### ४.१. पातिपुग्गलिक दान

कुनै एक व्यक्तिको नाममा दिइने दान १४ प्रकारका छन् ।

१. सम्यक् बुद्ध
२. प्रत्येक बुद्ध
३. अर्हत फललाभी
४. अर्हत् मार्गमा लागेका



Downloaded from http://www.dhamma.digital

५. अनागामी फललाभी
६. अनागामी मार्गमा लागेका
७. सकृदागामी फल लाभी
८. सकृदागामी मार्गमा लागेका
९. श्रोतापन्न फललाभी
१०. श्रोतापन्न मार्गमा लागेका
११. कामविषयबाट विरत पुग्गल
१२. शीलवान पृथकजन
१३. दु:शील पृथकजन
१४. तिरश्चीन

४.२. संघदान (संघको नाममा दिनु) संघलाई दिएको दान, संघलाई वा भिक्षु संघको प्रतिनिधिलाई दिएको दान ।

१. बुद्ध प्रमुख भिक्षु र भिक्षुणी संघ
२. भिक्षु र भिक्षुणी संघ दुवै
३. भिक्षु संघ
४. भिक्षुणी संघ
५. संघको प्रतिनिधि भिक्षु वा भिक्षुणी
६. भिक्षु संघको एक प्रतिनिधि भिक्षु
७. भिक्षुणी संघको एक प्रतिनिधि भिक्षुणी

४.३. साधारण दान (सार्वजनिक दान सर्वसाधारणको प्रयोगको लागि दिई सार्वजनिक दान ।

१. सार्वजनिक दान : बुद्धकाल बाहिर
२. सार्वजनिक दान : बुद्धको समयभित्र

४.४. विहारदान : बुद्धधर्ममा कुटि, बैठक कोठा तथा विहार बनाई दान दिनु ।



Downloaded from http://www.dhamma.digital

## ५. दान दिनुको लक्षण

क. आफ्नो ठाउँमा आएको समयमा

ख. जान लागेको समयमा

ग. अनिकाल लागेको समयमा

घ. नयाँ धानको चामल आहार सीलवानलाई दिनु

ङ. नयाँ फलफूल शीलवानलाई दिनु

च. बुद्धानुमति अनुरूप दिनु, जस्तै कठिन दान ।

# २. शील

शील भनेको शरीर, बचन र मनलाई सामान्य रूपमा राखी राख्न वा संयममा राख्न बनाइएको नीति-नियम वा नैतिक शिक्षा हो । शरीर र बचनलाई कुशल, सुचरित्रयुक्त बनाई आफ्नो स्थानानुसार पालन गरी शीलमा संयम हुनु हो । यो बुद्ध धर्मको मूल धर्महरू मध्येमा तीन शिक्षा वा आर्यमार्गको एक अंश पनि हो । बुद्धधर्ममा यो शीललाई विभिन्न रूपमा विभाजन गरिएको छ : गृहस्थ, शीलवती, अनागारिक, अनागारिका, श्रामणेर, श्रामणेरी, सिक्खमाना, भिक्षु, भिक्षुणी ।

१. गृहस्थ पञ्चशील (उपासक उपासिका) :-

१. प्राणी हिंसा नगर्नु ।

२. चोरी नगर्नु, घुश नखानु, लुटपाट नगर्नु ।

३. व्यभिचार नगर्नु, अर्काको प्रियजन र अर्काको अधीनमा बस्नेलाई नबिगार्नु।

४. झुटो बचन नबोल्नु, छलकपट नगर्नु, सत्यमा बस्नु ।

५. जाँड-रक्सी नशालु तथा प्रमादयुक्त वस्तु सेवन नगर्नु ।

यो पञ्चशीलमा प्रतिस्थित भई बस्ने व्यक्तिले तलका कुराहरूमा ध्यान दिनु पर्दछ।



Downloaded from http://www.dhamma.digital

१. सम्येक् आजीविका : सम्येक् रूपले जीवन निर्वाह गर्नु (आजीवपरिसुद्धिशील)

२. मिच्छा वाणिज्य : नराम्रा ५ प्रकारका व्यवसाय गर्नु हुँदैन । ती हुन् :

क. हतियारको व्यापार
ख. मनुष्य व्यापार
ग. प्राणी हिंसाको व्यापार
घ. नसालु मादक पदार्थको व्यापार
ङ. विषको व्यापार

३. अपायमुख ६ प्रकारका विनास कार्यदेखि टाढा रहनु पर्दछ ।

(क) मादक पदार्थ सेवन गर्नु
(ख) कुबेलामा घुम्नु
(ग) नाचगानमा भुल्नु
(घ) जुवा, तास खेल्नु
(ङ) कुसँगत गर्नु
(च) अल्सी हुनु ।

## २. नैष्क्रम पारमी :

ब्रम्हचर्य जीवन बिताउनेहरूको नैतिक शिक्षा अष्टशील, पञ्चशील जस्तै हो तर तेश्रो शीलमा परिवर्तन र ६, ७ र ८ बढेको हुन्छ । ती हुन् :

३. ब्रम्हचर्य पालन गर्नु
६. मध्यान्ह पछि (विकाल) भोजन नगर्नु
७. नाच, गान, अशोभनीय खेल तमासा हेर्ने तथा माला गन्ध विभूषण आदि धारणा नगर्नु
८. अग्लो र विलशितापूर्ण आसनमा नसुत्नु ।

## ३. दश शील :

श्रामणेर र श्रामणेरीहरूले पालन गर्नु पर्ने धर्म हो । यो शरीर र बचनलाई राम्ररी अभ्यास गरी उपसम्पन्न हुनको लागि तालिम हो । यसमा अष्टशीलको सातौंलाई दुई भागमा विभाजन गर्नुका साथै दसौं शीललाई बढाइएको छ । त्यो दशौं शील हो ।

१०. सुन तथा चाँदी लिनदेखि अलग्ग रहनु ।



Downloaded from http://www.dhamma.digital

**४. भिक्षुशील :**

भिक्षु शील भनेको प्रातिमोक्षलाई बुझिन्छ । यसमा २२७ शीलहरू छन् । भिक्षुहरूको प्रतिमोक्षको प्रमुख उद्देश्य ५ प्रकारका छन् ।

१. आजीवपरिसुद्धिसिल, खन्तिसंवर (आफू र अर्कालाई हानी नगर्नु)

२. इन्द्रियसंवरसिल, सतिसंवर, विरियसंवर (ब्रम्हचर्य पालनको लागि)

३. पच्चयसन्निसितसिल, पच्चयपच्चवेष्खण, ञाणसंवर (श्रमणत्व अनुरूप चतुप्रत्ययको प्रयोग गर्नु)

४. पातिमोक्ख संवर शील, पातिमोक्खसंवर, सिलसामञ्ञता (संघको एकता र शान्तिको लागि)

५. अलोकवज्ज–सामाजिक निन्दाबाट अलग्ग हुनु (समाजमा श्रमण भावमा दाग लाग्न नदिनु/दाग नलगाउनु)

**५. भिक्षुणी :**

भिक्षुणीहरूको लागि ३११ शील भिक्षुणी प्रातिमोक्षमा आएका छन् । आजभोलि थेरवाद बुद्ध धर्मानुसार भिक्षुणी संघ लोप भइ सकेकोले महिला गृहत्यागीहरूले दशशील लिएर बस्ने गर्दछन् । उनीहरूलाई नेपालमा अनगारिका, थाईलैण्डमा म्याछि, बर्मामा तिलाछें, श्रीलंकामा दशशीलमाता आदि भन्ने चलन छ । अर्को कुरा महिला गृहत्यागीहरू थेरवादमा भिक्षुणी संघ नहुनाले महायानी बुद्ध धर्ममा रहेको भिक्षुणी संघको सहायतामा थेरवादी भिक्षुणी संघको पुनरूत्थानको थालनी गर्न खोजेका छन् । तर यो कार्यलाई सामाजिक, राजनैतिक र अन्तर्राष्ट्रिय मान्यता पाएपनि थेरवादी देशहरूका प्रमुख भिक्षुसंघहरूबाट अझसम्म पनि मान्यता दिएको पाईदैन र पाउन सक्ने जस्तो पनि लाग्दैन ।

## ३. भावना

मानसिक उन्नति हुनु, विकास हुनु, ध्यान वा समाधि हो । यो विशेष गरेर दुई प्रकारका छन् ।

१. समथ भावनाः– मन एकाग्रताको लागि गरिने ध्यान ।

२. विपश्यना भावनाः– प्रज्ञा उत्पन्न गरी यथार्थभाव हेर्ने र बुझ्ने ध्यान ।



Downloaded from http://www.dhamma.digital

१. भावनामय :- ध्यान भावनाबाट उत्पन्न हुने पुण्य, ध्यान भावनाका फलस्वरूप मन शान्त शुद्ध हुनु र प्रज्ञाको विकास भई प्रकृतिलाई यथार्थ रूपले बुझ्ने कुशल कार्यको पुण्य ।

२. अविज्जा :- अज्ञानता, सत्यतालाई नबुझ्नु वा सत्य देखी टाढा हुनु ।

३. मोह :- भ्रम, भ्रमात्मक, मोह

४. मिच्छादिट्ठि :- नराम्रो दृष्टि मिथ्यादिट्ठि - हेतु = कारण

५. उपादान :- ममत्त्वभाव तथा वस्तु वा व्यक्तिको गुणमा भुल्नु (लाभ) मानमर्यादा, (यशकीर्ति) हरू नै सुखको मूल हेतु थान्नु ।

६. इत्थारम्मण :- मनपर्ने आरम्मण वा आरम्मणलाई मनपराउनु

७. अनित्थारम्मण :- मन नपर्नु वा मन नपराउनु

८. दुक्ख :- हेतु - कारण समुदय सत्य (फल) दुःख आर्यसत्य

९. तण्हा :- तृष्णा, नाना इच्छा र आकांक्षा हुने यी तलका कारणहरू

क. कामतण्हा - कामतृष्णा, पंञ्च इन्द्रियमा, दृष्य, स्वर, गण्ध, रस र स्पर्सको चाहना हुनु ।

कामराग - भौतिक वस्तुको चाहना

ख. भवतण्हा - भव तृष्णा, विभिन्न ठाउँमा जन्म हुने चाहना जसको फलस्वरूप भौतिक काम विलासले पूर्ण होस् ।

भवराग - मन पराउनु, विभिन्न भवहरूमा जन्म हुने चाहना, यस्तो बस्ने उस्तो बन्ने, ठूलो बन्ने चाहना ।

रूपराग - रूपमा भुल्नु, रूप ध्यानको आकांक्षा तथा यस्तो-उस्तो होस् भनी चाहना गर्नु ।

अरूपराग - अरूपध्यानमा भुल्नु, अरूपधर्मको चाहना वा अरूप भवको आकांक्षा प्रार्थना गर्नु ।

ग. विभवतण्ह - विभव तृष्णा, विभवको प्रार्थना, यस्तो पनि हुन नचाहने उस्तो पनि हुन नचाहने, आफू रहेको अवस्थाबाट दिक्क भई त्यसबाट मुक्त हुने आकांक्षा ।



Downloaded from http://www.dhamma.digital

| अविज्जा | सतिपट्ठान | विपस्सना |
| --- | --- | --- |
| उपादान | स्मृति पूर्वक सदैव जागरूप हुनु ४ प्रकारका छन्<br>१) कायानुपस्सना<br>२) वेदनानुपस्सना<br>३) चित्तानुपस्सना<br>४) धम्मानुपस्सना | पञ्चस्कन्धलाई त्रिलक्षण अनित्य दुःख र अनात्मादेखि विचार गरी यथार्थरूपमा बुझी "ओपनयिको" धर्मलाई मनले अंगाली "योनिसोमनसिकार" विभिन्न रूपले विचार विमर्श गुर्नलाई नै विपस्सना भनिन्छ ।<br>१. रूप – ४ धातु, १२ आयतन, ३२ आकार<br>२. वेदना – सुख, दुःख, अदुक्खमसुख(उपेक्षा)<br>३. सञ्ञा – संज्ञा, चिन्ने धर्म<br>४. संखार – मनमा पर्ने छापन (संस्कार) |

५. विञ्ञाण (फसन) स्पर्श

संस्कार
- कुशल
- अव्याकृत
- अकुशल

कायसंखार
वचनसंखार
मनोसंखार
→ विसंखार धर्म = निर्वाण

१० पारमिता
१० संयोजन
७ सप्पाय

↓

चार प्राकृतिक नियम
१. कर्म र कर्मफल
२. त्रिलक्षण
३. चार आर्यसत्य
४. पतिच्चसमुप्पाद



Downloaded from http://www.dhamma.digital

| | | |
|---|---|---|
| तृष्णा | वर्तमान स्पर्शलाई स्मृतिपूर्वक बुझिराख्नु | चारस्मृतिप्रस्थान (आर्यमार्ग) सम्मासति काय, वेदना, चित र धर्ममा प्रतिक्षण स्मृति भंग गर्ने वा वर्तमान आरम्मणमा स्मृति पूर्वक बुझिराख्नु |
| भव विभव तृष्णा | आनापान स्मृति तीन ठाउँमा मन एकाग्र गर्नु नाकको प्वालमा, छातीमा, नाभीमाथि | उच्च समथ |
| | | बुद्धपूजा, परित्राण<br>१०८ पटक परित्राण पाठ गर्नु |
| | दुई स्थानमा मन राख्नु र दुई प्रकारले अर्थात् आश्वास प्रश्वासमा एकाग्र गर्नु वा पेट फूलेको र सुकेकोमा मन एकाग्र गर्नु | छोटो परिकर्म शब्द जस्तै सम्मा अरहं, बुद्ध-धो |
| | कुनै एक स्थीर वस्तुमा मनलाई एकाग्र गर्नु : जस्तै बुद्धमूर्ति, कसिण भावना । | शब्द परिकर्म वा एउटै शब्द बारम्बार विचार गर्नु जस्तै बुद्धो ...., सम्मा अरहं समथ भावना हो । |

निब्बानं परमं सुखं ।
निर्वाण नै परम सुख हो ।
नत्थि सन्ति परं सुखं ।।
शान्ति भन्दा अरू सुख छैन ।।
निब्बान पच्चयो होतु ।।।
निर्वाणको प्रत्यय होस् ।



Downloaded from http://www.dhamma.digital